# सतार बालबालिकाले बिचैमा विद्यालय छाड्ने कारणहरु

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातक तहको
दोस्रो वर्ष शैक्षिक योजना तथा व्यवस्थापन
विषयको आंशिक आवश्यकता पुरा
गर्नका लागि तयार पारिएको

**शोध पत्र**


**शोधार्थी**

**गोविन्द राजवंशी**

परीक्षा रोल नं. :२०४०२०७(२०६७)
त्रि.वि. दर्ता नं. :९–३–२०४–४–२००८
क्याम्पस रोल नं. : १०६(२०६९/०७०)



**कनकाई बहुमुखी क्याम्पस**

शैक्षिकयोजना तथा व्यवस्थापन विभाग
सुरुङ्गा, झापा


२०७२, पौष

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/०९/१५

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **गोबिन्द राजवंशीले** मेरो प्रत्यक्ष निर्देशनमा **सतार बालबालिकाले बिचैमा विद्यालय छाड्ने कारणहरु** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(योन्देन सुनुवार)
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/१०/०३

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **गोबिन्द राजवंशीले सतार बालबालिकाले बिचैमा विद्यालय छाड्ने कारणहरु** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उपप्रा. आशा शर्मा सिवाकोटी
विभागीय प्रमुख ..........................................

२. योन्देन सुनुवार
शोध निर्देशक ..........................................

३. उपप्रा. शेषराज अधिकारी
बाह्य परीक्षक ..........................................

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षा शाष्त्र संकाय अन्तरगत शैक्षीक याजना तथा व्यव्यस्थापन विभाग, स्नातकोत्तर तह द्धितीय वर्षको अनीवार्य पत्रको रुपमा आशींक आवश्यकता पूरा गर्नको लागि सतार बालवालिकाले बिचैमा विद्यालय छाडने कारणहरु अध्यन क्षेत्रका शीर्षकको शोधपत्र तयार पारिएको हो । यो शोध प्रत्र सामाजीक परिपाटी, चेतनाको कमी, आर्थीक कारण, छात्रावृती र निशुल्क शिक्षा जस्ता सम्स्याहरु र तिनीहरुको समाधानसँग समबन्धित छ ।

यस विषयमा शोध गर्ने अवसर प्रदान गरेकोमा शैक्षीक योजना तथा व्यवस्थापन विभाग, कन्काई बहुमुखी क्यामपस, सुरुङगा, झापा प्रति आभार प्रकट गर्दछु आफ्नो विविध व्यस्तताको बाबजुत यो शोधपत्र  तयार गर्न सल्लाह सुझाव तथा  कुसल निर्देसन दिई अमुल्य सहयोग गर्न् हुने  शोध निर्देशक योन्देन सुनुवार प्रति हार्दिक कुतज्ञता ज्ञापन गर्दछु ।

सुचना तथा तथयाङक संकलन गर्ने क्रममा सहयोग गर्नुहुने स्रोत व्यक्ती श्री भुमी प्रसाद राजवंशी र वनियानी उच्च मा.वी.का प्राचार्य श्री खगेन्द्र लम्जेल तथा अध्ययन क्षेत्रका विद्यालयका प्र.अ,वि.व्य.स.र यि.टी.ए. अध्यक्ष ज्युहरु, दलित नेता, अभिभावक, शिक्षक र विद्यार्थीहरुलाई हार्दिक धन्यवाद दिन चहान्छु।

भाषा सम्पादनमा सहयोग गर्नुहुने मित्र श्री खगेन्द्र खतिवडा साथै यस शोधपत्रलाई व्यस्तताको बिचबाट वढो मेहनतका साथ कम्पयुटर टाईप गर्नुहसने श्री सन्देश बुडाथोकी लाई पनि हार्दिक धन्यवाद दिन चाहान्छु ।

गोविन्द राजवंशी

# शोधसार

सतार बालबालिका कक्षा छाड्ने कारणहरु शिर्षक राखेर गरिएको यस अध्ययनको उद्देश्य सतार विद्यार्थीहरुको भार्नाको स्थिती र सहभागितको अध्ययन गर्ने रहेको छ ।

यस पृथ्वीनगर स्रोत केन्द्रअर्न्तगतका समामुदायि विद्यालयहरुमा सतार छात्रछात्राहरुले बिचैमा पढाई छोडनुको कारण र समाधानका उपयाहरुको खोजी गर्नुका सथै यिनिहरुको विद्यालय छाडने दर घटाउनका लागि अवलम्वन गर्नु पर्ने उपायहरु सिफारिस गर्नु रहेको छ । यस अध्ययनका लागि अध्ययन क्षेत्र छनोट गर्ने क्रममा झापा जिल्ललाको दक्षिण पूर्वीमा पर्ने पृथ्वीनगर स्रोतकेन्द्र अन्तर्गतका तीन ओटा विद्यालयहरुमा अध्ययनरत छात्रछात्राहरुलाई छनोट गरिएको थियो । यस अध्ययनका लागि प्राथामिक र द्धितिय स्रोतको तथ्याङक्लाई आधार बनाईएको छ । अध्ययनका लागि आवश्यक पर्ने सुचनाहरु संकलन गर्न अध्ययनक्षेत्रका बालवालिका , शिक्षक, अभिभावक, सतार नेतालाई समभावनायूक्त नमुना छनोट विधिलाई आधार मानिएको छ भने पृथ्वीनगर स्रोतकेन्द्रका विद्यालय वि.व्य.स. र पि.टि.ए. का अध्ययक्ष तथा बनियानी गा.वि.स. का सतारहरुसँग सम्बन्धीत कार्य गर्न गैर सरकारी संस्थाबाट उद्देश्य मुलक रुपमा प्रश्नावली, अर्न्तवाता, सहभागिता मुलक अवलोकन र छलफल विधिबाट तथ्याङक् संकलन गरिएको छ ।

यस अध्ययनबाट सतार बालवालिका विद्यालयमा सहभागिता सन्तोष जनक नरहेको, बढि उमेरका बालवालिकाहरुको विद्यालयमा नियमितताको कमी रहेको । विद्यालय छोडने दर उच्च रहेको पाहियो । सतार बालवालिका को अभिवावकको संक्षरताको अवस्था ज्यादै न्यून रहेको देखिन्छ । बालवालिकाहरु घरको काममा संलग्न हुनु परेको र शिक्षा प्रति बालवालिका एवं अभिवावक उदासिन रहेको देखिन्छ । उक्त समस्याहरुमा प्रमुख कारक तत्वहरुमा गरिवी, चेतनाको कमी, अशिक्षा र वेरोजगारी आदि रहेका छन् ।

उक्त समस्यलाई समधान गर्न चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, उनिहरु सँग समान व्यवहार गर्ने उनिहरुको सहभागिता वृद्धि गर्ने, छात्रावृत्ति तथा निःशुल्क

शिक्षा कार्यक्रम सञ्चालन गर्ने , सतार अभिवावकको लागि आय आर्जन र सीपमुलक तालिम सञ्चालन गर्ने तथा पौढ शिक्षा कार्यक्रम सञ्चालन गर्ने , बालकेन्द्र र शिशु स्याहार केन्द्र स्थापना गर्ने । उदार कक्षा उत्तिण निति अवलम्वन गर्ने, अतिरिक्त शिक्षन कार्यक्रम सञ्चालन गर्ने, सहयोगी प्रकृतीका  कार्यक्रहरु सञ्चालन गर्ने , जिल्ला शिक्षा कार्यलयले विशेष कार्यक्रम तर्जुमा गरि कार्यन्वयन गर्ने र जातिय विभेदिकरण अनत्य गर्ने आदि समधनको उपयाहरु सुझवको रुपमा यस शोधपत्रमा समावेश गरिएका छन् ।

# विषय सूची

**पृष्ठ संख्या**

**परिच्छेद-एक**


अध्ययनको पृष्ठभूमी १-६

सतार जातिको संक्षित परिचय ७

समस्याको कथन ८

अध्ययनको औचित्य ९-१०

अध्ययनको उद्देश्यहरु ११

अनुसन्धानात्मक प्रश्नहरु ११

अध्ययनको परिसिमा १२


**परिच्छेद-दुई**


सम्बन्धित साहित्यको पुनरावलोकन १३

अध्ययनको सैद्धान्तिक खाका १४

पुनारावलोकनको उपादेयता १५


**परिच्छेद-तीन**


अनुसन्धानात्मक ढाँचा १६

जनसंख्या र आकार १६

जनसंख्या १६

नमुनाको आकार १६

नमुना छनौट विधी १६

नमुना छनौट आकार १७

तथ्याङ्क संकलनका स्रोत १७

प्राथामिक स्रोत १७

द्धितिय स्रोत १७

तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया १७

तथ्याङ्क संकलन प्रक्रिया १८

अनुसन्धानका साधनहरु १८

## परिच्छेद-चार

नतिजाको विवेचना १९
सतार बालबालिकाहरुको विचैमा विद्यालय छाड्ने दर १९
अध्ययन क्षेत्रको कक्षा छाड्ने सतार विद्यार्थीको विवरण १९
झापा जिल्ला र वनियानी गा.वि.स को लिङ्गगत जनसंख्या २०
झापा जिल्ला वनियानी गा.वि.स को लिङगगत सतारको जनसंख्या २०
प्राथामिक तहमा अध्ययनरत कुल विद्यार्थी र कक्षा छाड्ने विद्यार्थीको विवरण २१
सतार विद्यार्थीहरुको विवरण २२-२३
सतार विद्यार्थीको बिचैमा कक्षा छाड्ने कारणहरु २४
शिक्षक तथा प्र.अ. को धारणा २४
दलित सतार अभिभावकको धारणा २५
सतार विद्यार्थीहरुको धारणा २६
वि.व्य.स. र पि.टि.ए.का अध्यक्षको धारणा : २७
सतार नेताहरुको धारणा २८
सतार विद्यार्थीहरुको कक्षा छाड्ने कारणको समष्टिगत विवरण २९
कक्षा छाड्ने सतार विद्यार्थीहरुको पढाईप्रति रुची ३०-३१
पढाइप्रति सतार विद्यार्थीहरुको रुची सम्बन्धि समष्टिगत विवरण : ३२
सतार विद्यार्थीका अभिभावकहरुको शैक्षिक र आर्थिक अवस्था : ३३
सतार विद्यार्थीको बिचैमा कक्षा छाड्नुको लागि जिम्मेवार पक्ष : ३३-३४
कक्षा छाड्ने प्रवृत्तिका लागि जिम्मेवार पक्ष सम्बन्धि समष्टिगत विवरण : ३५
कक्षा छाड्ने विद्यार्थीका अभिभावकको शैक्षिक अवस्था : ३६
कक्षा छाड्ने विद्यार्थीका अभिभावकको मासिक आय आर्जनको अवस्था ३७
कक्षा छाड्ने विद्यार्थीका अभिभावकको मूख्य पेशा : ३८
कक्षा छाड्ने विद्यार्थीका अभिभावकको स्थीर(अचल) सम्पत्ति : ३९
कक्षा छाड्ने विद्यार्थीका अभिभावकको खानपानको अवस्था : ३९

सतार विद्यार्थीहरु पुनः कक्षा प्रवेश गर्ने चाहना ४०
कक्षा छाड्ने विद्यार्थीका अभिभावकको शिक्षा सम्बन्धि धारणा ४१
सतार विद्यार्थीको कक्षा छाड्ने दर घटाउने उपायहरु ४२
प्र.अ.तथा शिक्षकको अनुसार ४२
. सतार अभिभावकका धारण ४३
कक्षा छाड्ने सतार विद्यार्थीका अनुसार ४४
वि.व्य.स.र पि.टि.ए.का अध्यक्ष अनुसार : ४४
तार विद्यार्थीको कक्षा छाड्ने दर घटाउने उपायहरुको समष्टिगत विवरण ४५-४७

## परिच्छेद-पाँच

निष्कर्ष ४८
सतार बालवालिकाहरुको बिचैमा कक्षा छाडने दर ४८
सतार बालवालिकाहरुले बिचैमा विद्यालय छाडने कारणहरु ४९
सतार बालवालिकाहरुको अभिवावकहरुको शैक्षिक र आर्थिक अवस्था ५०
तार बालवालिकाहरुले बिचैमा विद्यालय छाडने समस्या समधानका उपायहरु ५०
सुझावहरु ५१
नीतिगत तह ५२
कार्यन्वयन तह ५२
अनुसन्धानात्मक तह ५३

# परिच्छेद एक : परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

सम्पूर्ण जनसंख्याको समानुपातिक विकासमा नै राष्ट्रको उन्नति भर पर्दछ र यसलाई पुरा गर्न समाजमा आर्थिक तथा शैक्षिक रुपमा कमजोर रहेका वर्गको पहिचान गरी उनीहरुको योग्यताको र क्षमतालाई शिक्षाको माध्यमबाट विकासित गर्दै राष्ट्र विकासको मूलधारमा समाहित गर्नु अति आवश्यक छ ।

गरिबी निवारणमा खासगरी बालबालिका र पिछडिएका वर्गको शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ । उपयुक्त शिक्षाका कारण महिला, दलित तथा कमजोर तहका जनताहरुले त्यस मुलुकको आर्थिक गतिविधिमा सक्रिय रुपले भाग लिने अवसर पाउने हुनाले यसको परिणाम स्वरुप विद्यमान गरिबीमा कमी आउने स्वतः स्पष्ट छ । साथै यसले जनस्वास्थ्यको बारेमा जन जागरणमा पनि महत्वपूर्ण योगदान दिने हुनाले मासिक क्षमता अभिवृद्धिमा अनुकुल प्रभाव उत्पन्न गर्दछ र साथै निर्णय प्रकृयामा दलित तथा पिछडीएका समसदायको साक्षारता दर अति नै न्युन अवस्थामा यस समुदायको अध्ययनरत बालबालीकाहरुको शिक्षा प्रतिको जागरुक्ता कम भई विद्यालय विचैमा छाड्ने प्रवृतीले जरा गाड्न सक्ने सम्भावना नर्कान सकिदैन । मुलुकको भौगोलिक, सामाजिक, आर्थिक तथा क्षेत्रिय विविधताहरु तड्कारो रुपमा रहेका छन । कतिपय अवस्थामा यो विविधता समस्याका रुपमा पनि  खडा भएको देखिन्छ ।

नेपालमा २००७ सालमा प्रजातन्त्रको स्थापना भयो र यस पछि शिक्षा राज्यको प्रमुख दायित्वका रुपमा परिभाषित हुन पुग्यो । शिक्षाको गुणात्मक विकाशका लागि विभिन्न समयमा विभिन्न आयोगहरु गठन गर्न समयानुसार शिक्षा नीति एव्म शैक्षिक कार्यक्रमहरु गरिदै आएको पाईन्छ । यसै सन्र्दभमा राष्ट्रिय शिक्षा आयोग २०४९ ले निर्धारण गरेको शिक्षाका राष्ट्रिय उद्देश्यमा समाजमा पछि परेका व्यक्तिलाई राष्ट्रिय मुलधारमा समाहित गर्न सहयोग गरिने छ तर समाजमा व्याप्त वर्ग विभेद, अशिक्षा र गरिबीका कारण समाजका टाठाबाठा वर्गले ज्यादै सुविधा उपयोग गरिरहेको पाइएको छ (चौधरी, २०६५) ।

शर्मा तथा शर्मा (२०६१) का अनुसार जोमटिन सम्मेलन (सन १९९०) द्वारा सबैका लागि सम्बन्धि विश्व घोषणा पत्र अनुसार नेपालले पनि "सबैका लागि शिक्षा" सम्बन्धि १५ वर्षे कार्ययोजना तयार गरेको हुनाले नेपाल सरकारले बालबालिकाहरु प्रति देखाएको शिक्षा सुधारको प्रतिबद्धतालाई प्रष्ट पार्दछ ।

थापा (थापा, २०६१) नेपाल सरकारद्वारा गरिएको लगानिका बाबजुद करिब ३२ प्रतिशत बालबालिका विद्यालय भन्दा बाहिर रहेका छन । विद्यालय गहिरहेका मध्ये पनि ४१ प्रतिशतले विद्यालय विचैमा छाड्ने गरेको पाईन्छ । एक तर्फ बालबालिका विद्यालयमा भर्ना हुन जादैन्न त अर्कोतिर जो विद्यालय गहिरेका छन ति मध्ये कतिपय त विचैमा आएर विद्यालय छाड्ने गरेका छन । मानव स्रोत विकाश प्रतिवेदन १९९८ ले दैनिक जिवनयापन र शिक्षाका अर्थपूर्ण सम्बन्ध नहुनुमा गरिबी, जातीय भेदभाव र शिक्षक को विद्यालयमा नियमित उपस्थिति नहुनु आदिलाई पनि बालबालिका को विद्यालय बीचैमा छाड्ने कारण भनी उल्लेख गरेका छन् ।

(थापा, २०६१) विश्व परिवेमा दृष्टि नजर गर्दा वर्तमान समयमा नेपालमा पनि शिक्षा, अज्ञानता, गरिबी , रोग, भोक र गृहयुद्धमा पिल्सिएको छ । विश्वका गरिव राष्ट्रको रुपमा यसको पहिचान छ । जसको कारणले गर्दा सबै वर्गको समानुपातिक विकाश हुन सकेको छैन । यसमा पनि दलित समाजमा दलित, सतार जातिहरुको अशिक्षाका कारण अवस्था दिन प्रतिदिन दयनिय बन्दैगएको छ । सरकारी तथा गैरसरकार संस्थाहरुबाट तिनीहरुको प्रगती, उन्नतिको लागि गरेको प्रयास मध्य छात्रवृत्तिको व्यवस्था, निःशुल्क प्रथामिक शिक्षा र निःशुल्क पाठ्यपुस्तकको वितरण कार्यक्रम बावजुद पनि सतप्रतिशत बालबालिकाहरुले यसको लाभ उठाउन सकेका छैन । नेपालको नवौं पञ्चवर्षिय योजना (२०५४-०५९) र राष्ट्रिय शिक्षा आयोग २०४९ ले पनि गरीबिको रेखामुनि रहेका सबै सुविधाविहिन समुदायका प्रभावकारी सुधारको नारा सहित सन १९९२ देखी १९९६ र १९९७ देखी २००२ सम्म क्रमशःआधारभुत तथा प्राथमिक शिक्षा परियोजना पहिलो र दास्रो चरण सम्पन्न गरी सकेको छ ।

नेपाल विभिन जात जाति बसोवास भएको देश हो । बहुजातीय, बहुधार्मिक, बहुसास्कृतिक, बहुभाषिक विविधता भएको राष्ट्र भएकाले यस देश नेपाललाई

अनेकतामा एकता भएको देश भनेर चिनिन्छ । राष्ट्रिय जनणना २०६८ अनसार १०१ जातजाति,९२ प्रकारका भाषा सहितको विविधतायुक्त विशेषता भएको राष्ट्र नै नेपाल हो । राष्ट्रिय जन गणना २०६८ अनुसार नेपालको कूल जनसंख्या २,६४,९४,५०४ रहेको छ । यो जनसंख्या २०५८ को राट्रिय जन गणनाको आधारमा अलि फरक बढी रहेको छ । साक्षरता दर पनि बढेर २०६८ को राट्रिय जनगणनामा यो अनुपात ६५.९ प्रतिशत रहेको छ । जस अर्न्तगत पुरुष साक्षरता दर ७५.१ प्रतिशत र महिला साक्षरता दर ५७.४ प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०६८ का आधारमा कूल जनसंख्या २,६४,९४,५०४ मध्ये ८४,३३१ जनसंख्या सतार रहेका छन् । जसमध्ये ६१,२०७ जनसंख्या खासगरि नेपालको पूर्वी तराईका मोरङ्ग र झापा जिल्लाको कूल जनसंख्या यी सतार जातिको रहेको छ । झापा जिल्लाको कुल सारक्षरता दर ७७.७ प्रतिशत मध्ये १.१४ प्रतिशत साक्षरता दर सतार समुदायको रहेको छ । वास्तवमै यो सारक्षरता दर अन्य जात जातिको भन्दा अति न्यून रहेको छ ।

विविध जातजाति, भाषाभाषी तथा धार्मिक सम्प्रदाय रहेको देश नेपाल भएतापनि आजसम्म "हामी सबै एक हौ" भन्ने भावना सबैमा रहेको कारणले जातीय दंगा तथा धार्मिक युद्ध नभई राट्रिय एकता" कायम रहेको पक्ष चाहि सुखद कुरा हो । यस एकतालाई कायम राखिराख्न अब राज्यद्रा सबैमा समनताको न्यायिक व्यवहार अवलम्बन गरिनु पर्दछ (पाखरेल,२०६६) ।

नेपालमा रहेको १०१ जातजाति आ-आफ्नै भाषा, धर्म, सस्कृति, संस्कार तथा सामाजिक संरचना रहेको पाइन्छ । यसमा मुलरुपमा चार वर्णाश्रम भित्र पर्ने जात र नपर्ने जाति देखिन्छ । चार वर्णाश्रम भित्र पर्ने जात अन्तर्गत माथिल्लो/उच्च तथा तल्लो/नीच जातिमा विभाजित भएको पाइन्छ,जसमा उग्ररुपको जातीय विभेद देखिन्छ । यस जात समुह अन्तर्गत दलित सतार (सन्याल) जाति पर्दछन् । जात समुहमा धर्म भाषा तथा संस्कृति एउटै भएता पनि धार्मिक व्यवहारमा विभेद पाइन्छ । दलित लाई पानी नचल्ने जाति भनेर सामाजिक रुपमा पनि अछुत "मान्ने रुदीवादी परम्परा यदपि समाजमा विधमान छ । तर भावानात्मक रुढीवादीको वनावट, संस्कारगत व्यवहार पनि समान देखिन्छ । तर मात्र भावनात्मक रुदीवादीको कारणले

उच्नीच समुहमा विभाजित भई समाजमा भेदपूर्ण मानविय व्यवहार हुदै आएको देखिन्छ । २१ औं शताब्दिमा "जातीय भेदभाव" हुनु ज्यादै लज्जास्पद तथा अमानवीय कुरा हो । मानव-मानव बीचको जातीय विभेद गरिनु मानव समाजलाई नै नसुहाउने एक कलङ्क मन्नु पदर्छ । यस प्रकारको विभेदलाई संयुक्त राष्ट्र संघ (UNO) ले सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६५ को आधारमा जनवारी ३०, १९७१ मा अनुमोदन गरिसकेको छ । यसै गरी नेपालमा मुलुकी ऐन, २०२० द्वारा कानुनी रुपमा जातीय भेदभावलाई हटाएता पनि व्यवहारमा लागू हुन सकेको पाइदैन । यसरी कानुन वा महासन्धीहरुमा भेदभाव उन्मूलन गर्ने जस्तो सुकै प्रावधान राखिएता पनि व्यवहारमा अद्यापि पूर्णपरिवर्तन आइनसकेको अवस्था छ (राई २०६४) ।

ऋगदेवमा चार वर्ण बाहेक अरु जात वा अछुत प्रथाको उल्लेख भएको पाइदैन । उही वर्ण शब्दको अर्थ रङ्ग हो तर पछि यो शब्दले रङ्गको अर्थ दिन छाडी श्रम विभाजनको अर्थ दिदै आएको कुरा प्रष्ट हुन्छ । ऋगवेदको ऋचाको अनुसार श्रम विभाजनका आधारमा चार वर्णको श्रम विभाजन गरिएको छ ।

ब्राहमण : पुरोहित ज्ञान शिक्षा (बौद्धिक र धार्मिक)

क्षेत्रिय : शैक्षिक शासकीय (राजनीति)

वैश्य : पशुपालन, खेतीपाती, व्यापार (श्रम)

शुद्र : श्रम, शिल्पकारी सेवा (श्रम)

माथि उल्लेख भएका चार वर्णका मानिसहरुले कुनै पनि काम फेरबदल गर्न सक्थे र काम अनुसार योग्यता प्राप्त गरे पछि वैश्य र शुद्र पनि माथिल्लो वर्णको सम्मान पाउन सक्थे । श्रमको आधारमा वर्णको फेरबदल हुन सक्थ्यो (दलित आयोग, २०६०) ।

सतार जातजातिका समुदाय विशेष गरेर श्रममा व्यस्त हुने भएकाले अधिकांश सतार जातिको दिनचर्या तथा जिवको पार्जन को मुख्य आधार श्रम नै रहेको छ । आर्थिक अवस्था अति कमजोर भएकै कारण सतार समुदाय अन्य कारणहरुबाट पनि अपहेलित हुदै गएको देखिन्छ । यसरी आफ्नो बिहान-वेलुको छाक टार्न कम

आर्थिक अवस्था भएका यी सतार जातिको शिक्षामा आफ्नो बालबालिकाहरुलाई समावेश गर्न असमर्थ भएका छन् । अरु जाति सरह आफुलाई खुलेर हरेक राजनीतिक, समाजिक, आर्थिक रुपमा अगाडी बढ्न नसकेको विभिन्न कारणहरुले बताउँछ ।

माथिको उल्लेख भएका चार वर्णका मानिसहरुले कुनै पनि काम फेरबदल गर्न सक्थे र काम अनुसार योग्यता प्राप्त गरे पछि वैश्य र शुद पनि माथिल्लो वर्णको सम्मान पाउन सकथे । श्रमको आधारमा फेरबदल हुन सक्थो । श्रम विभाजन अनुसार माथि उल्लेख गरेको अनुसार श्रम शिल्पकारी अन्तगर्त यी सतार समुदाय ररहेको पाइन्छ । यसरी आर्थिक अवस्था नै कमजोर भएको अवस्थका कारण सतारहरुले आफ्ना बालवालिकाहरु समेत शिक्षामा लगाउनु को साटो काममा लगाएको पईन्छ । यसरी अवसर र सुविधा पाएका खण्डमा उनीहरु पनि आफुलाई सक्षम बनाउन सक्छन् । माथि उल्लेख भएको चार वर्ण मध्ये शुद्ध अन्तरगत यिनीहरुको विभाजन भएको र श्रम सेवा गरी जिवीकोपार्जन गर्ने भएकाले यहाँ उनीहरुको विशेष व्यख्या गरिएको छ ।

शिक्षामा दलित तथा पिछडिएका वा सिमाङ्गिकृत जातजातीमा सहभागितामा कमि हुनुमा आर्थिक तथा सामाजिक कारणहरु नै प्रमुख भएता पनि देशको भैगोलिक बनावट तथा राजनैतिक कारण पनि विद्यमान रहेको पाइन्छ तथा सामाजिक धारण अन्धविश्वास तथा छिटो विवाह, घरायसी काममा बढी व्यस्तता इत्यादिलाईपनि लिन सकिन्छ (चौधरी, २०६५) ।

दशौ योजना (२०५९-२०६४) मा शिक्षाका लागि नीतिगत उद्देश्य नामक मस्यौदा पत्रले नेपालमा बहुआयामिक चरित्रको गरीबीलाई स्वीकार गर्दै अगाडी बढ्न गरीबी र गरीबी न्युनीकरणलाई विभिन्न नीतिगत उद्देश्यहरु मार्फत ध्यान दिने प्रयत्न गरेको छ । नवौं पञ्चवर्षीय योजना (२०५४/०५५-०५८/०६९) को शिक्षा तर्कको उद्देश्यमा उल्लेखित दलित पिछडिएका तथा सिमाङ्गिकृत जातजातीहरुलाई शिक्षाको अवसर प्रदान गरी राष्ट्रिय मूलधारमा समाहित गर्न दलित छात्रवृति उपलब्ध गराउने भनिएको छ । बाह्रै त्रिवर्षीय योजना (२०६७ - २०७०) अनुसार गरिबीको रेखामुनि रहेका

अपाङ्ग,महिला,दलित, तथा पिछडिएका जातजातिहरुलाई निःशुल्क शिक्षा एवम् छात्रावृत्ति प्रदान गरी, नयाँ आधुनिक तथा प्रविधिक मूलक शिक्षाको माध्यमबाट गरिबी न्यूनिकरण गर्ने उद्देश्य अनुरुप प्राथमिक तहका भर्ना दर सत प्रतिशत पुऱ्याउने, महिला शिक्षा को अनुपात वृद्धि गर्ने लक्ष्य राखेको पाईन्छ ।

सबैका लागि शिक्षा (EFA) सन् २००४-२००९ को प्रमुख दस्तावेज शिक्षाको सन् २०१५ सम्मका लागि निर्माण गरिएको "राष्ट्रिय कार्ययोजना" मा आधारित पञ्चवर्षीय रणनीती कार्यक्रमले प्राथमिक शिक्षाको पहुँच तथा समन्यायिकता सुनिश्चित गर्ने, प्राथमिक शिक्षाको गुणस्तर तथा सान्दर्भिकता वृद्धि गर्ने र कार्यदक्षता तथा संस्थागत क्षमताले सुधार गर्ने जस्ता उद्देश्यहरु रहेका छन् । यो दस्तावेज दशौं योजनाले अवलोकन गरेको अवधारणा अनुरुप गरिबी न्युनीकरणमा विशेष रुपले लक्षित भएको हुँदा लक्षित वर्ग खास गरी बालबालिकाहरु सुविधा विमुख समुदायका दलित, अपाङ्ग बालबालिकाहरुलाई विद्यालय जान प्रोत्साहन एवं विद्यालय पतनदर घटाउन छात्रवृतिको व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले भाषाका कारण विद्ध्यालय पहुँच तथा पतनदरलाई न्यूनिकरण गर्नका लागि भाषामाथिको आकांक्षालाई ध्यानमा राखी मातृभाषामा प्राथामिक शिक्षाको व्यवस्था गर्ने नीतिलाई अवलम्बन गरेको पाइन्छ (शर्मा तथा शर्मा, २०६१) ।

नेपाल राष्ट्रिय दलित आयोगले पहाड मूल र मधेशी मूल गरेर जम्मा २२ ओटा जातिलाई दलित सूचीमा राखेको छ । यस्ता दलितहरु मध्ये मधेशी समुदायमा बसोबास गर्ने मधेशी मूलका सतार (सन्याल), हाडी र कुमाल इत्यादी जस्ता अस्पर्शीय तथा पानी नचल्ने जात लाई मधेशी दलितको रुपमा लिईएको छ ।

नेपाल सरकारले दलित बालबालिकाहरुको शिक्षामा सहभागिता बढाउने नीतिगत प्रयास गर्दा गर्दै पनि  सन्थाल (सतार), दलित बालवालिकाहरुमा विद्ध्यालय तहको शिक्षा पुरा नगरी बीचैमा विद्ध्यालय छाडने प्रवृति देखापरेको छ । नेपालको साक्षरता दर ६५.९ प्रतिशत रहेकोमा समग्र (पाहडि र मधेशी) सतार **३३.८** प्रतिशत रहेको छ । नेपाल सरकार बाट शिक्षामा सबैको पहुँच र शिक्षामा समान अवसरका

लागि विभिन्न कार्यक्रमहरु जस्तै निःशुल्क शिक्षा, निःशुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्ति प्रदान, अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिरहनुको साथै गैर सरकारी क्षेत्रबाट पनि दलित समुदायको शिक्षा प्रति प्रशस्त सहयोगात्मक कार्यक्रम कार्यान्वयन हुनुको बाबजुत पनि दलित सतार(सन्याल) बालबालिकाहरु किन बीचैमा कक्षा छाडछन् होला भन्ने विषयमा केन्द्रित भएर यो अध्ययन गरिएको छ ।

## १.२ सतार जातिको संक्षित परिचय

पूर्वी नेपालको झापा जिल्ला र सीमावर्ती भरतका वङ्गाल, आसाम र विहार प्रान्तका विभिन्न ठाउँमा छरिएर रहेका सतार जाती नेपालको मधेशी दलित जातको रुपमा रहेका छन् । पश्चिम जङ्गलको सन्याल, परगन्ना भन्ने स्थान नै यिनीहरुको मूल थलो मानिन्छ । नेपालमा यो सतार जात कुन समयमा काहाँबाट आएको कसका माध्यमबाट कसरी अएको हुन भन्ने बारे निश्चितग गर्न केही कठिनाई भए पनि प्रमाणित तथा आधिकारिक खोज अनुसन्धान भने गरिएको छ । जसका आधारमा जनजिवनका लागि मानिस एक स्थानबाट आर्के स्थानमा निरनतर बसाई सराइ गरिरहन्छ । यसै सन्र्दभमा सतारका पुर्खा सुरुमा भारतको मिदनापुरको सैान्ट, दुम्का जिल्लाको बुढुवा, करमटोला, हजारीवागको गोला प्रगन्ना आदि क्षेत्रका घना जंगलमा रहेको पाइए पनि कालान्तरमा नयाँ जंगल उर्वरा भूमि, कन्दमूल, सिकार आदि खोज्ने कममा पूर्व, पश्चिम, साथै उतरतर्फ सरेको पाईन्छ । जंगल कन्दमू, सिकारमा रमाउने हुँदा यिनीहरु एक क्षेत्रको जंगल विनास हुदैगएपछि आर्को तर्फ पलायन भएको पाईन्छ । यो कम वाहमता भएकोले यिनीहरु आफ्नो निजी सम्पति जस्तै गाई, भैसी, जग्गा, जमिनतर्फ सतारको रुचि भेटिन्छ । जहाँ जान्छन् सङगठित नै भएर समाजिक मान्यता मै अडिकग रहेर, खुसी साटासाट गर्दै गीत गाऊदै हिड्ने कममा नेपालको पूर्वी जंगलले भरिएको जगामा प्रवेश गरेको पाईन्छ । नेपालमा सतार विहार प्रान्तको दुम्की जिल्ला अर्न्तगत सन्याल प्रणन्नाबाट करीब १०० वर्ष अघि नेपाल पसेका हुन् भन्ने विश्वास वि.आर. दाहालको रहेको छ । भूमि प्रशासन कार्यलय झापाको १९७० तिरको जग्गा लगत हेर्दा सतार जातको नाममा कुनै जग्गा नभेटिएको (गैतम १९९०) भए पनि यिनीहरु आदिवासी होइनन् तर दलित मधेशी जाती हुन भन्ने बुझिन्छ ।

पूर्वी नेपालको विशेष गरी झापा र मोरङ्गको तराई फाँट जङ्गललै जङ्गलले भरिएको र मलेरियाका कारण पहाडवासीहरु नझरेकै अवस्थामा यी सतारहरु सिकार( मा रमाऊदै र जङ्गल फाँडी खेती पातीको लागी नेपाल बसेका हुन् । यसै गरी झापा जिल्ला बनियानी गा.वि.स मा वि.स. २०२६ साल देखि सतारहरु आफ्नो पुख्यैली पेशा धेरै जसो ज्याला मजदुरी र केही खेतीपाती गरी जीवको पार्जन गरेको पाइन्छ ।

## १.३ समस्याको कथन

प्राथामिक शिक्षा विद्यालय शिक्षाको पहिलो पाइलाहरु जीवन निर्वाह र देश विकाशको लागि ज्यादै आवश्यक पक्ष पनि हो । नेपालमा मुख्यतः दुई क्षेत्रबाट शैक्षिक जनशक्ति उत्पादन भई रहेको छ जस अर्न्तगत नीजि र सरकारी क्षेत्रहरु पर्दछन् । प्राथामिक शिक्षाको प्रमुख उद्देश्यहरु नैतिकता  स्वालम्बी तथा राष्ट्रियता भावना जगाउने जस्ता उद्देश्य लिइरहेको छ । नेपाल सरकारले दलित बालबालिकाहरुको शिक्षा सहभागिता बढाउने लक्ष्य नितिगत प्रयास गर्दागदै पनि दलित बालवालिकाहरुले विद्यालय तहको शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाड्ने प्रवृति देखा परेको छ ।

दलित सतार बालबालिकाहरुले शैक्षिक अवस्या किन कमजोर छ ? विभिन्न प्रयासका बाबजुद समाजका अन्य समुदायका बालबालिकाहरुको तुलनामा यिनीहरुको शैक्षिक सहभागिता किन न्यून छ ? शैक्षिक सहभागिता अन्य विद्यालय भर्ना भएका दलित सतार बालबालिकाहरु मध्येधेरैले शैक्षिक सत्रको बीचैमा किन कक्षा छाड्छन् भन्ने कुरा महसुश गरि सर्वसाधरण लगायत अभिभावकहरु शिक्षा क्षेत्रसँग सम्बन्धित निकायहरु सरकारी समुदायिक गैरसरकारी संघसस्थाहरुको ध्यान आकर्षण गर्न समेत सामुदायिक विद्यालयमा अध्ययनरत सतार छात्र छात्राहरुको शैक्षिक अवस्था किन खस्केको छ ? यस्तो अवस्थाको सिर्जनाकसरी भयो ? उनिहरुको अभिभावकहरुको शिक्षाप्रतिको दृष्टिकोण कस्तो छ ? किन शैक्षिक सहभागिता बढ्न सकेको छन् ? विद्यालय भर्ना भएर पनि बीचैमा कक्षा किन छाड्ने गरेका हुन भन्ने जस्ता महत्वपूर्ण तथा गम्भीर सवालबारे खोज तलास गरी अवश्यक रायसुझाव पैश गर्ने उद्देश्य लिई यो अध्ययन गरिएको हो ।

यसै सर्न्दभमा शिक्षाका रणनीति र शिक्षामा गरिएको लगानीका बाबजुद पनि दलित सतार बालबालिकाहरु शैक्षिकक्षेत्रमा किन पछि परिरहेका छन् ? विद्यालय

गएर पनि दलित बालबालिकाहरु आफ्नो उमेर समुहका समुदायका अन्य बालबालिकाहरुको तुलनामा बराबर रुपमा किन सहभागिता भईरहेको छैनन् ? किन सहभागिता न्यून छ । न्यून भएर पनि नियमित किन हुन सकेका छैनन् ? भर्ना भएर पनि विद्यालय बीचैमा छाड्ने कारणहरु के के हुन ? यस्तो अवस्थाको सृजना कसरी भईरहेको छ ? के जातीय भिन्नताको कारणले यस्तो स्थिति आएको हो ? वा विद्यालयको व्यवहारले उनीहरु लाई समेट्न नसकेको हो ? वा विद्यालय जान नसकेका हुन् । जस्ता अति महत्वपूण र समय सापेक्ष सवालहरुको जवाफ खोज्न आवश्यक जानकारी प्रप्त गनए सन्दर्भमा नै यस अभ्ययनलाई समस्याको रुपमा लिइने छ ।

पन्त शास्त्रदत्त (२०४१) ले झापाका आदिवासी शीर्षकमा सतार जातिका बारेमा उल्लेख गरेका छन् । सामाजिक सङ्गठनका रुपामा सतार जातिमा आफ्नै गौरभमय इतिहास भेटिनछ । यिनिहरु आफ्नै सङ्गठन र नियप्रति सबै अनुशासित र मर्यादित रहेका हुन्छन् । समजमा उनीहरुका लागि सबैभन्दा ठूलो न्यायिक निकाय हो । समाजका मुद्दा, झगडा मिलाउन गाउमा एउटा नेता हुन्छ जसको भने न्याय गाउँका सबै व्याक्तिको उपस्थितिमा त्यही कै व्याक्तिबाट हुन्छ । यस्ता गाउँ नेतालाई सतार भाषामा "भाझी हडाम" भनिन्छ । यो सर्वोत्तम पद हो । ऊ आफ्नो जीवनभर त्यस पदमा रहन सक्छ । उसको मृत्यु पछि यो पद उसका छोरामा हस्तान्नतरण हुदै जाने परम्परा समेत भेटिन्छ । सामाजिक सङगठनका रुपमा माझी हडाम, परानीक, जगपरानिक, जगमाझी, र गुडित गरी पाचँ वटा रहेका हुन्छन । परानिक माझी हडामको मुख्य सल्लाहकारको रुपमा हुन्छ । माझी हडामको अनुपस्थितिमा साना-तिना झै-झगाडाको निर्णय दिने गर्दछ । जगपरानिक र जगमाझी प्रायः उस्तै हुन । तर पनि जगपरानिकले मानिस पक्डने, ल्याउने वा मुद्दा मामिला सम्बन्धि काम गर्दछ । जगमाझीले केवल विवाह र यस सम्बन्धी काम मात्र गर्दछ । गुडितले काम पिउन, चौकीदार, पालेको काम गर्दछ ।

## १.४ अध्ययनको औचित्य

हरेक व्याक्तिको वा पुरै देशको तथा समाजको चौतफी विकास को आधार विद्यालय शिक्षा हो । विद्यालय शिक्षाबाट नै प्रत्येक व्यक्तीलाई चाहिने आधारभूत

ज्ञानशिप हासिल हुने गर्दछ । मानवका लागि स्वतन्त्रता, मर्यादित आत्मसम्मान पूर्ण र आत्मनिर्भर मानवीय जीवन निर्वाह गर्न प्राथमिक शिक्षा आवश्यक छ । प्राथामिक तहलाई सर्वशुलभ तथा व्यापक बनाउन सरकारी तथा नीजि दुवै श्रोतबाट भर मज्दुर प्रयास भएता पनि शत प्रतिशत बालवालिकाले यसको लाभ उठाउन सकिरहेका छैनन् । शिक्षाको सम्बन्धमा प्रयोजनवादी दार्गनिक जोन डिबेका अनुसार मानिसलाई सामाजिक वातावरण चाहिने मानसिक, बौद्धिक, आर्थिक, धार्मिक, राजनैतिक तथा सांस्कृतिक सबैप्रकारका आवश्यकता पूरा गराउन शिक्षाले योगदान गर्नु पर्दछ -शर्मा एण्ड शर्मा २०६१ ) ।

यस प्रकार समाजका मानिसहरु जबसम्म शिक्षित हुदैनन् तब सम्म शिक्षाको विकास हुन सक्दैन । समाजको विकास कुनै एक पक्षमा  माग सिमित रहेमा सम्भव छैन । सबै पक्षलाई समेट्न आवश्यक हुन्छ । राष्ट्र र विश्व जगतको विकासका लागि शिक्षाको खाचो पर्दछ । किन भने निरक्षर र अशिक्षित जनसंख्या नै त्यस देशको अवनतिको संकेत हो । दलित जातिको अझै पनि शिक्षा प्रतिको अस्पष्ट धारणाको कारण उनिहरुको विकास हुन सकेको छैन् । बषैादेखि समाजिक भेदभावको कारणले यिनीहरु शिक्षा क्षेत्रमा पछाडि परेको छन् । यस कारण दलित बालबालिकाहरुलाई पूर्णरुपमा शिक्षाको मूलधारमा समाहित गर्नु पर्दछ ।

दशौ योजना (२०५९-०६४) ले समेत साक्षरता, साक्षरोत्तर आय मुलक र जिवनोपयोगी अनौपचारी शिक्षा कार्यक्रम सञ्चालन गरी विशेषत पिछडिएका समुदाय तथा महिलाको जिवनस्तर उकास्ने लक्ष्य रहेको छ । यस अनुसार सरकारी तथा गैरसरकारी संस्थाहरु समेतले साक्षरता बढाउनका लागि विभिन्न किसिमका अनौपचारिक तथा औपचारिक साक्षरता कार्यक्रमहरु सञ्चालन गराउनुको साथै विद्धालयहरुको भौतिक अवस्था सुधारमा टेवा पुऱ्याएता पनि साक्षरता वृद्धिमा सन्तोषजनक उपलब्धी हुन सकेका छैन् । यसै सन्दर्भमा सतार समुदायका बालबालिकाहरु कसरी शिक्षाको मुलधारमा समाहित हुन सक्छन् र सत प्रतिशत भर्ना भएकालाई विद्धालयमा नियमित गर्न सकिन्छ भनी यो अध्ययनको औचित्व रहनेछ ।

अध्ययन क्षेत्रको २०६५ र २०६६ सालको शैक्षिक तथ्याङ्कले बिचैमा कक्षा छाड्ने संख्या उल्लेखिय रुपमा रहेको देखिएकाले अध्ययन कर्ताले यस विषयलाई महत्वका साथ लिएर यो अध्ययन गरिएको छ । कुनै पनि क्षेत्रमा गरिने अध्ययन

अनुसन्धानको आ-आफ्नै महत्व छ । विद्धालय भर्ना भर पनि कक्षा बिचैमा छाड्ने सुविधा विहिन सतार बालबालिकाहरुको बारेमा यो अध्ययन गरिने हुँदा शैक्षिक क्षेत्रमा यस अध्ययनको महत्व रहन्छ ।

यस अध्ययनले सतार बालबालिकाहरुले बिचैमा कक्षा छाड्नुको कारण पहिचान गर्ने र समस्या समाधानका लागि सम्भावित उपायहरु पहिल्याउन सहयोग गर्नेछ । यस अध्ययन क्षेत्रमा गरिने अध्ययनले अन्य ठाउँमा सतार बालबालिकाहरुको शैक्षिक स्थिती अध्ययन गर्नमा सहयोग पुऱ्याउनुका साथै शिक्षासँग सम्बन्धित पक्षलाई सहयोग पुऱ्याउने तथा नेपाल सरकार एवम् अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुलाई यस क्षेत्रमा नयाँ-नयाँ कार्यक्रमहरु चयन गर्न र कार्यान्वयन गर्नमा मार्गदर्शन गर्ने भएकाले पनि यस अध्ययनको महत्व रहन्छ ।

शिक्षा संग सम्बन्धित पक्षलाई सहयोग पुऱ्याउने तथा नेपाल सरकार एवं अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुलाई यस क्षेत्रमा नायाँ कार्यकमहरु चयन गर्ने र कार्यन्वयन गर्नमा मार्ग निदेशन गर्ने भएकाले पनि यस अध्ययनको महत्व रहन्छ ।

## १.५ अध्ययनको उद्देश्यहरु

यस अध्ययनको निम्न उद्देश्यहरु रहेका छन् ।

क) सतार वालवालिकाको विचैमा विद्यालय छोडने दरको विश्लेषण गर्नु ।

ख) सतार वालवालिकाले विचैमा विद्यालय छाड्ने कारणहरुको खोजी गर्नु ।

ग) सतार वालवालिकाको अभिवावकहरुको शैक्षिक र अर्थिक अवस्था  विवेचना गर्नु , र

घ) सतार वालवालिकाले विचैमा विद्यालय छाड्ने समस्या समाधानका उपायहरु सुझाउनु ।

## १.६ अनुसन्धानात्मक प्रश्नहरु

क) प्राथमिक उमेर समूहका दलित सतार बालबालिकाहरुले विद्यालय पहुचँको अवस्था कस्तो छ ?

ख) बालबालीकाले कक्षा छाडनुको कारणहर के के हुन सक्छन ?

ग) सतार बालबालिकाहरुले अन्य बालबालिका सर शिक्षामा समान अवसर पाएका छन् त ?

घ) अभिभावकहरुले आफना बालबालिकाहरुलाई विद्यालय पठाउने बारेमा कस्तो धारणा राख्दछन् ।

ङ) सतार बालबालीकाहरुको शिक्षामा पहुँच बढाउने उपायहरु के के हुन सस्छन?

च) सतार बालवालिकाहरुले कक्षा छाड्ने समस्या समाधानका लागि के कस्ता उपायहरु अपनाउन सकिन्छ ?

## १.७ अध्ययनको परिसिमा

यस अध्ययन कार्यलाई पूरा गर्न झापा जिल्ला पृथ्वीनगर गा.वि.स. ८ अन्तर्गत वडा नं. ८ र ९ मा रहेका प्रथमिक विद्यालय तहका सतार बालवालिकाहरु र वनियानि गा.वि.स. विच रहेका सामुदायिक बिद्यालयमा अध्ययनरत कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई यस अध्ययनमा सीमित गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन :

गौतम (१९९०) ले आफ्नो अनुसन्धान, प्रतिवेदनमा उल्लेख गरे अनुसार वर्षै देखि राज्यको शोषण, गरिबी, सामाजिक, आथिक, शैक्षिक लगायत हरेक दृष्टिले सतार समुदाय पछि परेको छ । मुलुक भित्रको सबै जातजाति भाषाभाषी भएका विभिन वर्ग र समुदायको सहभागिता र सहकार्यबाट मात्र देश विकास सम्भव भएतापनि युगैंदेखि दासताको जन्जिरमा जकडिएको यो जाति को विषयमा २००७ साल भन्दा अगाडि कुनै किसिमको अध्ययन पुस्तक आदि प्रकाशन भएको पाईदैन । वि.सं. २०४६ सालको जनआन्दोलन बाट पुन:स्थापित बहुदलीय व्यवस्थामा दलित सम्बन्धी विभिन्न सघंसस्थाको स्थापना र सञ्चार क्षेत्रको द्रुत विकाससँगै दलित सम्बन्धी विभिन्न सघंसस्थाको स्थापना र सञ्चार क्षेत्रको द्रुत विकाससगै दलितलाई सम्बोदन गरेर थुप्रै प्रकाशनहरु हुन थालेको छन् । स्वयम दलितहरुमध्येबाट नै यस सम्वन्धमा थुप्रै तथ्यहरु पत्रपत्रिका, पुस्तक, लेखरचना तथा अनुसन्धानात्मक कृत्ति प्रकाशन हुदै आएका छन् । यसरी वि.सं. २०४६ साल पूर्व सम्म पिछडिएका जातिको सामाजिक, सास्कृति, आथिक तथा शैक्षिक विषयमा पुग्दो अध्ययन गरिएको पाइदैन् । भूमि प्रशासन कार्यालय झापाको १९७० तिरको जग्गा जमिन नभेटिएको हुँदा । यिनीहरु आदिवासी होइनन् भन्ने पुष्टि मिल्छ । पुर्वी नेपाल विशेष गरी झापा र मोरडको तराई फाँट जङ्गल जङ्गले भरिएको र मलेरियाका कारण पहाडवासीहरु नझरेको अवस्थामा यी सतारहरु सिकारमा रमाउँदै र जङ्गल फाँडी खेतीपातीको लागी पश्चिम बंगालको सन्याल प्रगन्नाबाट नेपाल पसेको अनुमान गर्न सकिन्छ । मिढनापुरको वागसोसरी गाउँ दुम्काको सन्याल प्रगन्ना आदि क्षेत्रमा नेपालमा रहेका कतिपय सतारका नातागोता अहिले पनि रहेको यिनीहरु बताउँछन् ।

दङ्गाल (२०५०) ले आफ्नो अनुसन्धान प्रतिवेदनमा उल्लेख गरे अनुसार शिक्षामा महिला, दलित एवम् पिछडिएको वर्गहरुको अवस्थालाई ध्यानमा राखेर गुणस्तरिय शिक्षामा उनीहरुको पहुँच बढाउन थप कार्यक्रमहरु सञ्चालन गर्ने । जस्तैः- अनिवार्य नि:शुल्क शिक्षाको व्यस्था गर्ने सबैको लागि शिक्षा पुऱ्याउने, विशेष सिकाई आवश्यकता भएमा वर्ग जस्तैः दलित, अपाङ्गका लागि विशेष शिक्षाको अवधारणा अनुरुप शिक्षाका कार्यक्रमहरु समाहित गरी एकिकृत शिक्षा पद्धतीको विकास गर्ने, शिक्षामा

दलित एवम पिछडिएका वर्गको पहँच बढाई कक्षा छोड्ने प्रवृति न्युनिकरण गर्न छात्रवृतिको संख्या तथा रकम बुझाई अझ व्यवस्थित गर्नु पर्ने देखिन्छ । नेपालको शैक्षिक तथा राजनैतिकको क्षेत्रमा यी जाति धेरै पछाडी परेका भएता पनि नेपालको राज्नैतिकभने यो जाति २००७ साल देखि विशेष सक्रिय भएको पाईन्छ) २००७ सालको क्रान्तिमा तुसा हेमरम लगायत धेरै सतार सहभागी थिए । झापा भित्रको शिलशिलामा मंगल मर्डी सतारले १४ वर्ष जेल सजाय पाए भने प्रजातान्त्रिक आन्दोलनमा लागे वाफत सर्वस्व हरण भयो । यसरी झापाको राजनैतिक इतिहाँसमा यी जातिको टुलो यगदान रहेको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्यायम सिद्धान्तको रुपमा द्रन्द्धान्तक सिद्धान्तलाई यो अध्ययन पूरा गर्नका लागि लिएको छ । यस संग सँगै कार्यबाद सिद्धान्तलाई उपयोग गरिने छ ।

गौतम (१९९०) कुनै पनि वस्तुको इतिहास बुझेर मात्र नहुने त्यस वस्तुको कार्यविधि बुझ्नका लागि त्यस वस्तुको संरचनाका अङगहरु एक आपसमा कसरी कार्य गर्दछन भन्ने कुरा बुझ्नु पर्दछ भन्ने दृष्टिकोण राखेर संरचनात्मक कार्यविधि सिद्धान्तको विकास भएको पाईन्छ । यस सिद्धान्तका प्रवर्तक अगस्त कम्टेलाई मानिन्छ । यस यस सिद्धान्तका अन्य पक्षपातीहरुमा हरवर्ट स्पेनसर (सन् १८५८-१९१७) रहेका छन । यस सिद्धान्तका पक्षधरहरुको भनाइमा समाजका विभिन्न अवयव हुन्छन् ती प्रत्येकको आफ्नो भुमिका हुन्छ । ती प्रत्येक एक अर्का सगँ अन्तर्सम्बन्धित हुन्छन । ती अङगहरु मध्ये कुनै एक अङग कमजोर भएमा सामाजिक संयन्त्रमा अभाव एव्म सुसञ्चालनमा बाधा हुन्छ । वर्तमान अवस्थामा हाम्रो नेपालि समाज यहि अवस्थाबाट पिरोलीएको छ । यो अवस्थाको सृजना मुलुकमा आफ्ना नागरिकप्रति नै विभेद अपनाउदै आएको रुढीवाडी संस्कृति, परमपरा र मान्यताहरुले शोषित पीडित जनताहरुको वर्ग स्थापित हुन मद्दत पुप्यायो ।

पन्त (२०४१) ले सक्षार समुदायले सदियौ देखि विभेदपुर्ण नीति अपनाएर पछि पारिएको अवस्थाको अनुभव गरेर वर्तमान अधिकारीको निम्ति मागहरु भइराखेको छन । यस अवस्थामा राज्यले र अन्य जिम्मेवार सरकारी समुहहरुले अल्पसङख्यक सतारहरुको उत्थानको निम्ति सशक्तीकरणको माध्यबाट सक्षम बनाए मात्र संरचनात्मक

कार्यवाद सिद्धान्त अनुसार समाज सञ्चालनमा बाधा नभई अगाडि बढ्न सक्ने छ ( पन्त २०४१ मा उदृत) ।

विष्ट (१९८७) का अनुसार जर्मन दार्शनिक कार्ल मार्क्स (सन् १८१८-१८८३) द्धन्द सिद्धान्तका प्रवर्तक हुन् । उनका अनुसार उत्पादनका साधन नियन्त्रण तथा असमान वितरण प्रणालीमा आधारित छ वा आर्थिक कारणले गर्दा समाजमा वर्ग निमाण हुन्छ । आर्थिक कारणले समाजमा विभेदिकरण हुन्छ । माक्सका अनुसार समाज विकासको इतिहास केलाउदा समाजको विकास द्धन्द्धमय ढङ्गबाट भईरहेको छ । समाजको सम्पूर्ण सम्पत्तिमा एकाधिकार जमाउने वर्ग र वाच्न को लागि श्रम बेच्ने वर्गका बिचमा उत्पादन प्रणाली र वितरण न्यायपूर्ण हुन नसक्नु नै द्धन्दको प्रमुख कारण हो । यहि द्धन्दले समाजमा सङघर्ष निम्त्याउँ छ र समाज परिवर्तन आर्थिक कारणले नै समाजमा विभेदीकरण हुन्छ भन्ने ठम्याई मार्क्सको हो । मार्क्सका अनुसार गतिशिलता समाजको प्रमुख विशेषता हो । यो गतिशिलता जति विस्तार हुन्छ त्यतिनै द्धन्द विस्तार हुन्छ र द्धन्दले समाजमा परिवर्तन र विकाश हुन्छ । द्धन्दनै समाज विकासको मार्ग हो भन्ने आशय द्धन्द सिद्धन्तको हो । द्धन्द व्यक्ति-व्यक्तिमा, व्यक्ति-समूहमा, समूह-समूहमा जहाँपनि हुन सक्छ । द्धन्द वर्ग-वर्ग विच पनि हुन्छ । पार्क्सका अनुसार द्धन्द आर्थिक असमानता वा वितरण प्रणालीमा भएको असमानताले निम्तयाउँ छ । समाजमा परिवर्तन पनि सङघर्षकै कारणले हुने हो भन्ने आशय द्धन्द सिद्धन्तवादिहरुको हो ।

## २.३ पुनारावलोकनको उपादेयता

यस अध्ययन कार्यलाई सहजताका साथ अघि बढाउन प्रयोग गरीएका अध्ययनको सैद्धान्तिक ठौचा र सम्बन्धित साहित्यले सतार जातिको बालबालिकाले प्रथमिक तह पुरा नगरी विचैमा कक्षा परित्याग गर्छन होला? यस सम्सया समाधानका लागि के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ? भन्ने जस्ता विषय क्षेत्रलाई आधार बनाएर सतार समुदायका विद्यार्थीहरु प्रति लक्षित गरेर खासै अध्ययन, अनुसन्धान नगरीएकाले यो अध्ययन गरीको हो । विद्यालय भर्ना भएर पनि कक्षा विचैमा छाड्ने सुविधाविहीन अल्प सङख्यक पिछडिएका सतार बालबालिकाहरुको बारेमा यो अध्ययन गरिने हुँदा शैक्षिक क्षेत्रमा यस अध्ययनको उपादेयता रहेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाचाँ

अल्पसङ्ख्यक पिछडियको वर्ग सतार विद्यार्थीहरुले तह पुरा नगरी बिचमै कक्षा छाड्ने प्रवृत्तिको कारणहरुको अध्ययनको लागि अन्तरवार्ता, प्रश्नावाली, अवलोकनबाट प्राप्त सूचना तथा तथ्याङ्क विश्लेषणका लागी गुणात्मक र वर्णनात्मक अनुसन्धानात्मक ढाचाँ प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या र आकार

### ३.२.१ जनसङ्ख्या

यस अध्ययनको जनसङ्ख्या क्षेत्रको हकमा पृथ्वीनगर गा.वि.स. ८,९ तथा बनियानी गा.वि.स को वार्ड नं:७ मा बसोवास गर्ने अल्पसङ्ख्यक तथा पिछडिएको वर्ग सतार समुदायका विद्यार्थीहरु लाई अध्ययनका लागि जनसंख्याको रुपमा लिएको छ ।

### ३.२.२ नमुनाको आकार

झापा जिल्ला पृथ्वीनगर स्रतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयमध्ये सतार बालबालिका अध्ययनरत जम्मा तीनवटा समुदायिक विद्यालयलाई छनैट गरी उक्त विद्यालयहरु बाट ३ जना प्र.अ,३ जना वि.थ.स. अध्यक्ष तथा ३ जना पि.टि.ए अध्यक्ष, १२ जना शिक्षक, ६ जना सतार समुदायका अगुवा कार्यकर्ता, १५ जना अभिभावक, २१ जना विद्याथी गरी ६३ जनालाई यस अध्ययनको नमुना आकार मानिएको छ ।

### ३.२.३ नमुना छनौट विधि

यस अध्ययन कार्यलाई पूरा गर्न अनुसन्धानकर्ताले उद्देश्यमूलक नमुना छनोट विधिलाई यस अध्ययनको मुख्य विधि मानिने छ । पृथ्वीनगर स्रोतकेन्द्र अर्न्तगतका ३ वटा सामुदायिक विद्यालय प्र.अहरु वि.थ.स.का अध्यक्ष, पि.टि.ए का अध्यक्षहरु, १५ जना शिक्षकहरु, ५ जना ५ जना सतार समुदायका अगुवा कार्यकर्ता, १० जना अभिभावक, २० जना विद्याथीहरुलाई नमुना रुपमा लिएको छ ।

| क्र.स. | विद्यालय | वि.व्य.स. तथा पि.टि.ए अध्यक्ष | प्र.अ. | शिक्षक | सतार अगुवा कार्यकर्ता | अभिभावक | विद्यार्थी |
|---|---|---|---|---|---|---|---|
| १. | लक्ष्मी उ.मा.वि | १+१=२ | १ | ४ | २ | ५ | ७ |
| २. | हिमाली उ.मा.वि | १+१=२ | १ | ४ | २ | ५ | ७ |
| ३. | बाल प्रा.वि | १+१=२ | १ | ४ | २ | ५ | ७ |

### ३.२.४ नमुना छनोटको आकार

यस शोध अध्ययनको नमूना छनैटको आधारमा आफ्नै अनुभव, भैगोलिक सुगमता, दुगमता र साधन स्रोतको सम्पन्नता र विपन्नतालाई अध्ययनकर्ताको समय सिमा भित्र रही नमुना छनोट गरिने छ । यसैगरी तथ्याङ्कको विश्वसनीयता, वेद्यता संकलनमा सजिलो को लागि पनि नमूनाको छनोटको आधार बनाएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका स्रोत

यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्कहरु निम्न स्रोत र प्रकियाबाट सङ्कलन गरिए छ ।

### ३.३.१ प्रथामिक स्रोत

यस स्रोतका निम्ति अनुसूचिमा उल्लेखित अध्ययन कार्यका लागि तथ्थाङ्क सङ्कलनका साधनहरुद्दरा लक्षित व्यक्ति तथा समुह प्र.अ तथा शिक्षक वि.थ.स तथा पि.टि.ए. अध्यक्ष,स्रोतव्याक्ति, अभिभावक, अगुवा कार्यकर्ता, र विद्यार्थीहरु सँग आवश्यकता अनुसार व्यक्तिगत प्रश्नहरुद्दरा अध्ययनलाई वास्तविक बनाउने प्रयत्न गरिएको छ ।

**३.३.२ द्धितीय स्रोत** यस स्रोत अन्तगर्त छनैंटमा परेका विभिन्न रेकर्ड, पुस्तक, स्मारिका, अनुसन्धान प्रतिवेदन, अनुसन्धानात्मक लेख, विभिन्न विद्धानाका पुस्तकहरु, विभिन्न पत्रपत्रिका आदिबाट उपलब्ध भएका सूचना तथा तथ्याङ्कहरु प्रयोग गरिएको छ ।

### ३.३.३ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यस शोधकार्यलाई पूर्ण बनाई अपेक्षित उद्देश्य प्राप्त गर्न प्राथमिक तथा द्धितीय स्रोतबाट तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकीकरण र वृत्तचित्रमा प्रस्तुत गरी प्रस्तुति, विश्लेषण र व्याख्या गरिएको छ ।

यस अध्ययन कार्यलाई पूरा गर्न आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि निम्ननुसार अनुसन्धानका साधनलाई प्रयोग गरिएको छ ।

### ३.३.४ तथ्याङ्क सङ्कलन प्रकिया

यस शीध अध्ययनलाई पूरा गर्नका लागि निम्न अनुसारको जनसंख्या नमुना छनैटको आकार, नमूना छनोट विधि, नमूना छनोटको आधार, अनुसन्धानका साधनहरु र तथ्याङ्क सङ्कलको स्रोतहरु प्रयोग गरी यस शोधकार्यलाई पूरा गरिएको छ ।

## ३.४ अनुसन्धानका साधनहरु

**(क) प्रश्नवली**

यस अध्ययन पूरा गर्नको लागि प्र.अ. शिक्षक, अभिभावक, विद्यार्थीलाई प्रश्नवली तयार गरी अध्ययन गरिएको छ ।

**(ख) अन्तरवार्ता**

यस अध्ययन पूरा गर्नको लागि प्र.अ. शिक्षक, अभिभावक, विद्यार्थी, अगुवा नेतासँग अन्तरवार्ता लिएको छ ।

**(ग) अवलोकन**

यस अध्ययन पूरा गर्नको लागि सम्बन्धित गई स्थलगत अवलोकन तथा निरीक्षण गरी सही तथ्याङ् टिपोट गरिएको छ ।

**(घ) अभिलेख**

यस अध्ययन पुरा गर्नका लागि विद्लाय, स्रोत केन्द्र तथा गा.वि.स. बाट तथ्यागत अभिलेखहरु लिएको छ ।

# परिच्छेद चार : नतिजाको विवेचना

सामुदायीक विद्यालयमा अध्ययन गर्न सतार विदुयार्थीको तह पूरा नगरि बिचैमा कक्षा छोड्नुका कारणहरुको अध्ययनको क्रममा शोरधार्थीद्धारा झापा जिल्लाका पृथ्वीनगर स्रोत अन्तरगत रहेका श्री लक्ष्मी उ.मा.वि., हिमाली उ.मा.वि. र सरस्वती नि.मा.वि. गरि तिन बटा सामुदायिक विद्यालयलाई उद्देश्यमूलक विधिका आधारमा अध्ययन क्षेत्र रुपमा रहेका छन् । यसै सन्दर्भमा अध्ययन क्षेत्र अन्तरगत प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थी मध्ये २०७० र २०७१ मा कक्षा छाड्ने सतार विद्यार्थी विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## ४.१ सतार वालबालिकाको विचैमा विद्यालय छाड्ने दर

### ४.१.१ अध्ययन क्षेत्रको कक्षा छाड्ने सतार विद्यार्थी विवरण

पृथ्वीनगर स्रोत केन्द्र अन्तर्गत रहेका तीन वटा सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्म अध्ययनरत सम्पूर्ण विद्यार्थी र सतार विद्यार्थीहरुको २०७० र २०७१ मा कक्षा छाड्नको तथ्याङ्क यस प्रकार रहेको छ ।

**तालिका २ अध्ययन क्षेत्रको कक्षा छाड्ने सतार विदयार्थी विवरण**

| कक्षा | सम्पुर्ण विद्यार्थी | | सतार विद्यार्थी | |
|---|---|---|---|---|
| | २०७० | २०७१ | २०७० | २०७१ |
| १ | 24 | 22 | 11 | 12 |
| २ | 12 | 11 | 9 | 10 |
| ३ | 13 | 10 | 7 | 8 |
| ४ | 9 | 12 | 3 | 4 |
| ५ | 10 | 11 | 2 | 3 |
| **जम्मा** | **68** | **66** | **32** | **35** |

**स्रोत : पृथ्वीनगर स्रोत केन्द्र-२०७१**

माथिका तालिकालाई विश्लेषण गर्दा अन्य जातिको तुलनामा दलित र सतार विद्यार्थी संख्यात्मक रुपमा बढी कक्षा छाड्ने गरेको तथ्य तालिका २ ले देखाउँछ ।

यसरी उक्त अवस्थाको सृजना के-कति कारणले भएको हो सो पत्ता लगाउन र त्यसको समाधानका लागि के-कस्ता उपायहरु अवलम्वन गर्न सकिन्छ भन्ने विषयलाई आधार बनाई यस अध्ययनलाई अगाडी बढाउने प्रयास गरिएको छ ।

झापा जिल्लाको जम्मा जनसंख्या, वनियानी गा.वी.स को जनसंख्या तथा यसम्ध्ये पनि सतारको जनसंख्या, छनोट गरिएको ३ वटा विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको जनसंख्या, परिक्षामा सम्मेलीत सतार विद्यार्थी, परिक्षा नदिने विद्याथी र बिचैमा विदयालय छाडनेहरुको लब्धाङ्क तथा उत्त अध्यन क्षेत्रका ३ जना प्र.अ., १२ जना कक्षा छाडेका सतार बालबालिकाहरु, गैर सरकारी संस्था गा.वि.स स्रोतकेन्द्र आदिबाट प्राप्त तथ्याङकहरुलाई निम्नाअनुसारको कममा प्रस्तुत गरिएको छ ।

### ४.१.२ झापा जिल्ला र वनियानी गा.वि.स को लिङ्गगत जनसंख्या

झापा जिल्ला र बनीयानी गा.वि.स को जनसंख्याको विवरण जनस्वास्थ कार्यलय झापाबाट प्राप्त तथ्याङ यस तालीकामा प्रस्तुत गरिएको छ ।

**तालीका ३, झापा जिल्ला र वनियानी गा.वी.स को लिङ्गगत जनसंख्या**

| क.स. | विवरण | जम्मा | पूरुष | महिला | पूरुषको प्रतिशत | महिलाको प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | झापा जिल्ला | ८,५२,७२४ | ४,१७,८६४ | ४,३४,९२० | ४९ | ५१ |
| २. | वनियानी गा.वि.स | ११ | ५,५६५ | ५,५६५ | ४९.५ | ५०.५ |

**स्रेतःस्वास्थय कार्यलय, झापा**

तालीका ३ लाई विश्लेषण गर्दा झापा जिल्ला वनियानी गा.वि.स को जनसंख्याको तुलनात्मक अध्यन गर्न सहयोग गर्दछ ।झापा जिल्लामा पूरुषको जनसंख्या ४९ प्रतिशत र महिलाको संख्या ५१ प्रतिशत रहेको छ । उत्त तथ्याङकको आधारमा झापा जिल्लामा महिला भन्दा पूरुषको जनसंख्या २ प्रतिशतले कम रहेको छ ।

### ४.१.३ झापा जिल्ला वनियानी गा.वि.स को लिङगगत सतारको जनसंख्या


झापा जिल्ला र वनियानी गा.वि.स. वडा नं ८ र ९ मा वसोवास गर्ने सतारहरुको जनसंख्या विवरणलाई निम्न तालीकामा प्रस्तुत गरिइएको छ ।


**तालकिा ४, झापा जिल्ला वलियानी गा.वि.स को लिङगगत सतारको जनसंख्या**

| क.स. | विवरण | जम्मा | प्रतिसत | पूरुष | महिला | पूरुष | महिला |
|---|---|---|---|---|---|---|---|
| **१.** | झापा जिल्ला | ७११ | १०० | ३८० | ३३१ | ५३.४५ | ४६.५५ |
| **२.** | वनियानी गा.वि.स | ६७८ | १०० | ३५२ | ३२६ | ५१.९२ | ४८.०८ |

**स्रोतःस्थलगत सर्वेक्षण, २०७१**

यो सोधकार्य सतार जातीसँग सम्बनिधीत भएकोले उनीहरुको पहिचान गर्न आवश्यक हुन्छ। झापा जिल्लाको जनसंख्या हेर्दा पुरुषको ५३.४५ प्रतिशत र पहिलाको जनसंख्या ४६.५५ प्रतिशतले रहेको छ। जहाँ महिलाको भन्दा पुरुषको जनसंख्या ६.९ प्रतिशतले बढि रहेको छ। यस जिल्लाको जम्मा जनसंख्या मध्ये सतार जातिको जनसंख्या ०.८३३ प्रतिशत रहेको देखिन्छ। यसै गरी बनियानी गा.वि.स. वडा नं.८ र ९ मा बसोबास गर्ने सतारहरुको जनसंख्या हेर्दा पुरुषको ५१.०८ प्रतिशत रहेको छ। जहाँ महिलाको भन्दा पुरुषको जनसंख्या ३.८४ प्रतिशतले बढी रहेको देखिन्छ। उक्त तथ्याङ्कलाई निम्न अनुसार वृत चित्रमा प्रस्तुत गरिएको छ।




**४.१.४ प्राथमिक तहमा अध्ययनरत कुल विद्यार्थी र कक्षा छाड्ने विद्यार्थीको विवरण**

अध्ययन क्षेत्रको प्राथमिक तहको विधार्थी विवरण झापा जिल्ला पृथ्वीनगर स्रोत केन्द्र अन्तरगत रहेका सामुदायिक विद्यालयहरु श्री हिमाली उ.मा.वि श्री लक्ष्मी उ.मा वि र बाल प्रा.वि. को प्राथमिक तहमा अध्ययनरत कुल विद्यार्थी र कक्षा छोड्ने विद्यार्थीको विवरण निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५ अध्ययन क्षेत्रको प्राथमिक तहको विद्यार्थी विवरण**

| कक्षा | कुल भर्ना | | परिक्षामा सम्मिलित | | कक्षा छाड्ने | | कक्षा छाड्ने प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७० | २०७१ | २०७० | २०७१ | २०७० | २०७१ | २०७० | २०७१ |
| **१** | २५४ | २३६ | २३० | २०८ | २४ | २२ | ९.४५ | ९.३६ |
| **२** | २११ | २०६ | १९९ | १९५ | १२ | ११ | ५.६९ | ५.३४ |
| **३** | १९६ | १९२ | १८२ | १७७ | १३ | १० | ६.६३ | ५.२१ |
| **४** | १८२ | १८५ | १७३ | १७३ | ९ | १२ | ४.९५ | ६.४९ |
| **५** | १५३ | १४० | १४३ | १२९ | १० | ११ | ६.५४ | ७.८६ |
| **जम्मा** | **९६६** | **९५९** | **९३३** | **८८२** | **६८** | **६६** | **३३.२६** | **३४.२६** |

**स्रोत विद्यालयको अभिलेख २०७१**

तालिका ५ लाई विश्लेषण गर्दा विद्यालय भर्नामा घट्दो अवस्था रहेको पाईन्छ । २०७० सालको भन्दा २०७१ सालको विद्यार्थी संख्यामा कक्षा १,२,३,५ मा क्रमश १८,५,४,१३ जनाले कमी आएको पाइयो भने कक्षा ४ मा मात्र ३ जना विद्यार्थी बढेको पाईयो । परिक्षामा सम्मिलित हुने विद्यार्थीमा पनि कक्षागत रुपमा क्रमशः २२,११,१०,१२,११ ले न्यून रहेको पाइयो । त्यस्तै कक्षा छाड्ने अवस्था हेर्दा कक्षा ४ र ५ मा क्रमश : ०.२३,०.३५.,१.४२ प्रतिशतले घटेको पाइयो ।

### ४.१.५ सतार विद्याथीहरुको विवरण

झापा जिल्ला पृथ्वीनगर स्रोतकेन्द्र अर्न्तगत रहेका सामुदायिक विद्यालयहरु श्री हिमाली उ.मा.वि, श्री लक्ष्मी उ.मा.वि. र बाल प्रा.वि का प्रथामिक तहमा अध्ययनरत सतार विद्यार्थीको कुल भर्ना  परिक्षामा सम्मेलीत र कक्षा छोडने विवरण निम्नाअनुसार तालीकामा प्रस्तुत गरिएको छ ।

## तालीका ६, सतार विद्यार्थीहरुको विवरण

| कक्षा | कुल भर्ना | | परीक्षामा सम्मेलीत | | कक्षा छाडने | | कक्षा छाडने प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | २०६९ | २०७० | २०६९ | २०७० | २०६९ | २०७० | २०६९ | २०७० |
| १. | ७३ | ७८ | ६२ | ६६ | ११ | १२ | १५.०६ | १५.३८ |
| २. | ६३ | ५७ | ५४ | ४७ | ९ | १० | १४.२८ | १७.५४ |
| ३. | ५२ | ६८ | ४५ | ६० | ७ | ८ | १३.४६ | ११.७६ |
| ४. | ४३ | ३९ | ४० | ३५ | ३ | ४ | ६.९७ | १०.२५ |
| ५. | ३७ | ४३ | ३५ | ४० | २ | ३ | ५.४० | ६.९७ |
| **जम्मा** | २६८ | २८५ | २३६ | २४८ | ३२ | ३५ | ११.९४ | १२.२८ |

**स्रोत विद्यालय अभिलेख, २०७१**

तालिका ६ लाई विश्लेशण गर्दा विद्यालयमा भर्ना भएका वार्षिक परिक्षामा सम्मिलित भएका र कक्षा को पढाई पूरा नगरी विचैमा कक्षा छाडने सतार जातिका विद्यार्थीको स्थिती प्रस्तुत गरिएको छ। २०७० सालको तथ्याङ्क अनुसार कक्षा १ मा कूल विद्यार्थी संख्या २६८ मध्ये ७३ जना , कक्षा २ मा ६३ जना , कक्षा ३ म ५२ जना , कक्षा ४ मा ४३ जना र कक्षा ५ मा ३७ जना सतार विद्यार्थी रहेका छन् । त्यसैगरी २०७१ सालको तथ्याङ्क अनुसार कक्षा १ मा कुल भर्ना भएका विद्यार्थी मध्ये ७८ जना , कक्षा २ मा ५७ जना , कक्षा ३ मा ६८ जना , कक्षा ४ मा ३९ जना र कक्षा ५ मा ४३ जना सतार विद्यार्थी रहेका छन् ।

परिक्षामा सामेल हुने २०७० सालको विद्यार्थी संख्या कक्षा १ मा ७३ मध्ये ६२ जना , कक्षा २ मा ६३ जना मध्ये ५४ जना कक्षा ३ मा ५२ मध्ये ४५ जना , कक्षा ४ मा ४३ मध्ये ४० जना र कक्षा ५ मा ३७ जना मध्ये ३५ जना परिक्षामा सामेल भएको् पाईयो । त्यसैगरी २०७० सालमा परिक्षामा सामेल भएका सतार वालवालिका क्रमश : कक्षा १ मा ७८ जना मध्ये ६६ जना , कक्षा २ मा ५७ मध्ये ४७ , कक्षा ३ मा ६८जना मध्ये ६० जना , कक्षा ४ मा ३९ जना ३५ जना र कक्षा ५ मा ४३ मध्ये ४० जना सामेल भएका थिए ।

विद्यालय छाड्ने विद्यार्थीहरुको तथ्याङ्क २०७० सालमा क्रमश : कक्षा १ मा ११ जना , कक्षा २ मा ९ जना ,कक्षा ३ मा ७ जना , कक्षा ४ मा ३ जना र कक्षा ५ मा २ गरी जम्मा ३२ जनाले कक्षा छाडेको देखिन्छ । जुन सतार विद्यार्थीहरुको ११.९४

प्रतिशत हुन जान्छ । त्यस्तै २०७१ सालमा बिचैमा कक्षा छाडने विद्यार्थीहरुको तथ्याङ्क कमश कक्षा १ मा १२ जना , कक्षा २ मा , १० जना , कक्षा ३ मा, ८ र कक्षा ४ मा, ४ जना र कक्षा ५ मा ३ जना गरी जम्मा ३५ जनाले कक्षा छोडेको देखिन्छ । जून २०७१ सालमा भर्ना भएका जम्मा सतार बालबालीकाको १२.२८ प्रतिशत हुन आउछ ।

यसरी कतिपय कक्षाहरुमा कक्षा परित्याग गर्ने दरमा वृद्धि हुनु वास्तवमा सबैको लागी चुनौतिको विषय भएको छ । यसले सन् १९९० मा भएको जोम्तेन सम्मेलनको सबैका लागी शिक्षा र सेन्गलको डकार गुरुयोजनालाई चुनौतीपूर्ण दिएको छ । समाहीत शिक्षाको अवधारणालाई पनि कमजोर बनाएको छ । तसर्थ सतार विद्यार्थीहरुको शैक्षिक स्तर उकास्न सबैले यस विषय उपर भयान दिनै पर्ने अवस्था देखिन्छ ।

सतार जातिका बालबालिकाको विद्यालय भर्नाको स्थितीलाई विश्लेषण गर्दा विद्यालयमा भर्ना भएका विद्यार्थीहरुमा अत्याधिक रुपमा सतार बालबालिकाहरुको उपस्थिती देखिन्छ । यसले के स्पष्ट गर्छ भने समाजमा भएका सबैको बराबरी उन्थान हुनुपर्दछ भन्ने सिद्धान्त संग मेल खाएको देखिन्छ । यसै गरी चौधरी (२०६५) ले उल्लेख गरेजस्तै सतार तथा सुविधा विहिन वर्गका जाति विशेष शैक्षिक निती अपनाई कार्यान्वयमा ल्याउनुपर्ने कुरा उल्लेख भए अनुसार अध्यन क्षेत्रमा सतार भनिएका जातिका बालबालिकाहरुको विद्यालय उपथ्थिती राम्रो देखिन्छ । यसबाट के पुष्टि हुन्छ भने सतार जातिका बालबालिको विद्यालयमा उपस्थिती निकै राम्रो देखिन्छ ।

## ४.२ सतार विद्यार्थीको बिचैमा कक्षा छाड्ने कारणहरु

झापा जिल्ला पृथ्वीनगर स्रोत केन्द्र अन्तरगत रहेका सामुदायिक विद्यालयहरुका प्र.अ., पि.टि.ए. तथा वि,व्य.स. सतार अभिभावक, सतार विद्यार्थीहरुको धारणालाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.२.१ शिक्षक तथा प्र.अ. को धारणा

शिक्षक भनेको विद्यार्थीहरुको भविष्य उज्वल बनाउने तथा भविष्य निर्माण गर्नको लागी बाटो देखाउने मार्ग निदेशक हो । त्यसैगरी कुसल व्यवस्थापन गरी विद्यालयमा राम्रो शैक्षिक वातावरण सृजना गरी बालबालिकाको अध्ययन गर्नको लागी प्रेरित गर्न कार्यमा प्र.अ. को भुमिका रहेको हुन्छ ।

**तालिका ७, शिक्षक तथा प्र.अ. को धारणा**

| क.स. | कारणाहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चेतनाको कमी | ३ | २० |
| २ | आर्थिक कारण | ६ | ४० |
| ३ | सामाजिक कारण | ३ | २० |
| ४ | शिक्षाको असमान व्यवहार | ० | ०.०० |
| ५ | शैक्षिक सामाग्रीको अभाव | १ | ६.६६ |
| ६ | भौतिक सुविभाको अपर्याप्ता | २ | १३.३३ |
| जम्मा | | १५ | १०० |

**स्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका ७ लाई विश्लेषण गर्दा प्र.अ. तथा शिक्षकका अनुसार दलित सतार विद्यार्थीहरु मध्ये ४० प्रतिशत आर्थिक कारणले, २० प्रतिशत चेतनाको कमीले, २० प्रतिशत सामाजिक कारण, ६.६६ प्रतिशत विद्यालयमा शैक्षिक सामाग्रीको अभावका कारणले र १३.३३ प्रतिशत विद्यालयमा भौतिक सुविधाको पर्याप्त व्यवस्था नभएका कारणले अध्ययन पुरा नगरी बिचैमा कक्षा छाड्नका निम्ति विद्यालयमा शिक्षकको असमान व्यवहारका कारण तत्व नरहेको देखिन्छ । यसरी तुलनात्मक रुपमा हेर्दा सबैभन्दा बढी आर्थीक कारण त्यसपछि चेतनाका कमीका कारणले तिार विद्यार्थीले कक्षा छाडने गरेको देखिन्छ ।

## ४.२.२ दलित सतार अभिभावकको धारणा

अभिभावकहरुले बालवालीकाहरुलाई पालनपोषण गर्ने तथा उनिहरुको भविष्यलाई उज्जवल बनाईजीवीको पार्जन गर्नको लागी सक्षम बनाउनको लागि प्रेरित गर्दछन । अभिभावकहरुले नै अनेक दुःख कष्ट सहेर आफ्ना छाराछोरीको लागी राम्रो शिक्षादिक्षा दिलाउने कार्यमा दत्तचित्त रहेको पाईन्छ ।

**तालीका ८, सतार अभिभावकको धारणा**

| क.स. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | चेतनाको कमी | ४ | २७.७७ |
| २. | आर्थीक कारण | ६ | ४० |
| ३. | सामाजीक कारण | २ | १३.३३ |
| ४. | शिक्षाको असमान वितरण | १ | ६.६६ |
| ५. | शैक्षिक सामाग्रीको अभाव | १ | ६.६६ |
| ६ | भौतिक सुविधाको अपर्याप्तता | १ | ६.६६ |
| | | | |

**स्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिकालाई विश्लेषण गर्दा सतार विद्यार्थीहरुले कक्षा छाडनुको कारणबारे सतार अभिभावकहरुको धारणा स्पस्ट रुपमा देखाउन सकिन्छ । अभिभावकका अनुसार ४० प्रतिशत आर्थीक कारणले ,२६.६६ प्रतिशत चेतनाको कमीले ,१३.३३ प्रतिशत सामाजीक कारणले ,६.६६ प्रतिशत विद्यर्थीप्रति शिक्षकको असमान व्यवहारको कारणले, ६.६६ प्रतिशत शैक्षीक सामाग्रीको कारणले तथा ६.६६ प्रतिशत भौतिक असुविधाहरुको कारणले सतार विद्यार्थीहरुले कक्षा छाडेको उनिहरुको अभिभावकको धारणा बाट स्पष्ट हुन आउछ ।

### ४.२.३ सतार विद्यार्थीहरुको धारणा

विद्यार्थी भनेको भविष्यका होनहार व्यक्ति हुन् । भोलिको भविष्य उनीहरुले गर्ने व्यवहारमा निर्भर गर्दछ । विद्यार्थीहरु सही शिक्षादीक्षा प्राप्त गरी सुमार्गमा अघि बढेमा देश तथा समाजको चौतर्फी विकास भई समाज र राष्ट्र उन्नतिको पथमा अगाडी बढ्छ ।

**तालिका ९ सतार विद्यार्थीहरुको धारणा**

| क.स. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चेतनाको कमी | ५ | २३.८ |
| २ | आर्थिक कारण | ७ | ३३.३३ |

| | | | |
|---|---|---|---|
| ३ | सामाजिक कारण | ४ | १८.०४ |
| ४ | शिक्षकको असमान व्यवहार | २ | ९.५२ |
| ५ | शैक्षिक सामग्रीको अभाव | २ | ९.५२ |
| ६ | भौतिक सुविधाको अपर्याप्तता | १ | ४.७६ |
| | जम्मा | २१ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका ९, लाई विश्लेषण गर्दा सतार विद्यार्थीका अनुसार ३३.३३ प्रतिशत आर्थिक कारणले, २३.८ प्रतिशत चेतनाको अभावका कारणले, १९.४ प्रतिशत सामाजिक कारणले, ९.५२ प्रतिशत विद्यार्थी प्रति शिक्षकको असमान व्यवहार र शैक्षिक सामाग्रीको अभाव तथा ४७६ प्रतिशत भौतिक सुविधाको अपर्याप्तताका कारणले बीचैमा कक्षा छाड्छन् ।

### ४.२.४. वि.व्य.स. र पि.टि.ए.का अध्यक्षको धारणा :

विद्यालयलाई सही ढंगले सञ्चालन र व्यवस्थापन गरी शैक्षिक वातावरण सुदृढ गर्नको लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयलाई भौतिक, शैक्षिक तथा स्रोत साधनको व्यवस्थापन गरी सही ढंगले सञ्चालनान सहयोग पुऱ्याउनु उनीहरुको उत्तरदायित्व रहेको हुन्छ ।

**तालिका १०, विद्यालय व्यवस्थापन समिति र पि.टि.ए.का अध्यक्षहरु धारणा :**

| क्र.स. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चेतनाको कमी | १ | १६.६७ |
| २ | आर्थिक कारण | ४ | ६६.६६ |
| ३ | सामाजिक कारण | १ | १६.६७ |
| ४ | शिक्षकको असमान व्यवहार | ० | ०.०० |
| ५ | शैक्षिक सामाग्रीको अभाव | ० | ०.०० |
| ६ | भौतिक सुविधाको अपर्याप्तता | ० | ०.०० |
| | जम्मा | ६ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका १० लाई विश्लेषण गर्दा वि.व्य.स.र पि.टि.ए.का अध्यक्षहरुका अनुसार सतार विद्यार्थीले कक्षा छाड्नुमा ६६.६६ प्रतिशत आर्थिक कारण, १६.६७ प्रतिशत चेतनाका कमी र १६.६७ प्रतिशत सामाजिक कारण जिम्मेवार रहेको देखिन्छ । जसमा सबभन्दा बढी आर्थिक कारणले तथा चेतनाको कमी र सामाजिक कारणले समान रुपमा कक्षा छाड्नु पर्ने अवस्था सृजना भएको देखिन्छ ।

### ४.२.५. सतार नेताहरुको धारणा :

समाजलाई सही ढंगले नेतृत्व गरी आफ्नो समूदाय तथा समाजको विकास गर्नमा सतार नेतारुहको महत्वपूर्ण भूमिका रहेको हुन्छ । समाजको विकासले नै राष्ट्रको विकासमा टेवा दिएको हुन्छ । असल नेतृत्वको कारणले गर्दा नै समाजमा भएका कुसङ्गती र कुसंस्कारलाई चिर्दै समाज अघि बढ्नमा नेतृत्वको अहम् भूमिका रहन्छ ।

**तालिका ११, सतार नेताहरुको धारणा**

| क्र.स. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चेतनाको कमी | ३ | ३३.३३ |
| २ | आर्थिक कारण | २ | ५० |
| ३ | सामाजिक कारण | १ | १६.६७ |
| ४ | शिक्षकको असमान व्यवहार | ० | ०.०० |
| ५ | शैक्षिक सामाग्रीको अभाव | ० | ०.०० |
| ६ | भौतिक सुविधाको अपर्याप्तता | ० | ०.०० |
| | जम्मा | ६ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका ११, लाई विश्लेषण गर्दा सतार नेताका अनुसार सतार विद्यार्थीहरुले कक्षा छाड्नुमा ५० प्रतिशत आर्थिक कारण, ३३.३३ प्रतिशत चेतनाको कमीका कारणले तथा १६.६७ प्रतिशत सामाजिक कारण जिम्मेवार रहेको देखिन्छ । जसमा सवभन्दा बढी आर्थिक कारणले त्यसपछि चेतनाको कमी र सामाजिक कारणले कक्षा छाड्नुपर्ने अवस्था सृजना भएको देखिन्छ ।

तालिका ७, ८, ९, १० र ११ लाई समष्टिगत रुपमा अध्ययन गर्दा सतार विद्यार्थीको कक्षा छाड्नुमा सबैभन्दा बढी जिम्मेवार आर्थिक अवस्था नै पाइयो । तसर्थ अभिभावकको आर्थिक अवस्था सुदृढ हुने खालका कार्यक्रम सतार समूदायमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

प्र.अ. एवम् शिक्षक तथा सतार अभिभावक, सतार नेताहरुले चेतनाको कमी र सामाजिक पक्षलाई क्रमशः दोस्रो र तेस्रो पतनको कारण ठहर गरेको पाइयो भने वि.व्य.स.एवम् पि.टि.ए.का अध्यक्ष र सतारहरुले चेतना र सामाजिक पक्षलाई पतनका लागि समान रुपमा जिम्मेवार रहेको भनी किटान गरेको देखिन्छ । तसर्थ सतार परिवारको आर्थिक अवस्था सुधार गर्न रोजगारी र अन्य उपायहरु अवलम्बन गरी संचार र गैर संचारका माध्यमले चेतना बृद्धि गर्नुपर्ने र सामाजिक कूरितिलाई विद्यानाथ कोइराला (२०६५) ले भनेझैं हटाउनु पर्ने अवस्था देखिन्छ । जसले सामाजिक समानता

ल्याउनमा अहम् भूमिका खेल्नमा मद्दत पुऱ्याउने छ । जसबाट सतार समाजमा चेतना अभिबृद्धि भई पतनको स्थितिमा सुधार आउने छ ।

विद्यालय शिक्षकको असमान व्यवहार, शैक्षिक सामाग्रीको अभाव र भौतिक सुविधाको अपर्याप्ततालाई समेत आंशिक रुपमा भएपनि कक्षा छाड्नुको कारण रहेको तथ्य उपरोक्त तालिकाहरुबाट स्पष्ट देखिन्छ । शिक्षकहरुको असमान व्यवहारले गर्दा विद्यार्थीमा हीनताबोध गराउने तथा विद्यालय शिक्षाप्रति सकारात्मक सोचको विकास हुने सम्भावना नभएकाले विद्यालयमा अध्ययनरत सबै जातजाति, धर्म, वर्ण, लिङ्गका वालवालिकाहरुप्रति शिक्षक-शिक्षिकाले समान व्यवहार गर्नुपर्ने देखिन्छ ।

विद्यालयमा शैक्षिक सामाग्री एवम् भौतिक सुविधाको उपयुक्त व्यवस्थापन हुन नसकेको खण्डमा गुणस्तरीय शिक्षाको कल्पना पनि गर्न सकिदैन । त्यसकारण विद्यालय शिक्षासँग सम्बन्धित सरोकारवाला सबैले सतार वालवालिकाहरुको बढ्दो कक्षा छाड्ने दरलाई ध्यानमा राखी आवश्यकता अनुसार शैक्षिक सामाग्री एवम् भौतिक पक्षको व्यवस्थापनमा सहयोग पुऱ्याई शिक्षण सिकाइका लागि उपयुक्त वातावरण सृजना गरी वालवालिकाहरुलाई विद्यालयमा नियमित गराउन तथा तह पूरा गराउनमा टेवा पुऱ्याउनु पर्ने देखिन्छ ।

### ४.२.६. सतार विद्यार्थीहरुको कक्षा छाड्ने कारणको समष्टिगत विवरण

झापा जिल्ला पृथ्वीनगर स्रोत केन्द्र अन्तर्गत रहेका सामूदायिक विद्यलायहरुका प्र.अ., वि.व्य.स., पि.टि.ए.अध्यक्ष, सतार अभिभावकहरु, सतार नेताहरु र सतार विद्यार्थीहरुको धारणालाई समष्टिगत रुपमा निम्नानुसार तालिका र वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका १२, सतार विद्यार्थीहरुको कक्षा छाड्ने कारणको समष्टिगत विवरण**

| क्र.स. | कारणहरु | संख्या | प्रतिहत |
|---|---|---|---|
| १ | चेतनाको कमी | १५ | २३.८० |
| २ | आर्थिक कारण | २६ | ४१.२७ |
| ३ | सामाजिक कारण | ११ | १७.४६ |
| ४ | शिक्षकको असमान व्यवहार | ३ | ४.७६ |
| ५ | शैक्षिक सामाग्रीको अभाव | ४ | ६.३५ |
| ६ | भौतिक सुविधाको अपर्याप्तता | ४ | ६.३५ |
| | जम्मा | ६३ | १०० |


**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

प्रस्तुत तथ्याङ्कले सतार विद्यार्थीहरुले कक्षा छाड्ने कारण सम्बन्धि तालिका ७, ८, ९, १० र ११ बाट प्राप्त निष्कर्षलाई समष्टिगत रुपमा तालिका १२ मा स्पष्ट पारिएको

छ । जसअनुसार ४१.२७ प्रतिशतले आर्थिक कारणले, २३.९ प्रतिशतले चेतनाको कमीका कारणले, २३.९ प्रतिशतले चेतनाको कमीका कारणले, १७.४६ प्रतिशतले सामाजिक कारणले, ६.३५ प्रतिशतले विद्यलायमा भौतिक सुविधाको अपर्याप्तता र शैक्षिक सामाग्रीको अभावका कारणले तथा ४.७६ प्रतिशतले विद्यालयमा शिक्षकको असमान व्यवहारको कारण कक्षा छाड्ने गरेको देखिन्छ । यसरी सतार विद्यार्थीले कक्षा छाड्नुमा प्रमूख रुपमा आर्थिक कारण र चेतनाको कमीको कारण नै कारक तत्व रहेको तथ्याङ्क तालिका १२ ले रुपष्ट पारेको छ ।

**यस तथ्याङ्कलाई वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।**

**चित्र दुई, सतार विद्यार्थीहरुको कक्षा छाड्ने कारणको समष्टिगत विवरण**




### ४.२.७. कक्षा छाड्ने सतार विद्यार्थीहरुको पढाईप्रति रुची

झापा जिल्ला पृथ्वीनगर स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरुमा अध्ययनरत सतार विद्यार्थीहरुको पढाइप्रति रुची बुझ्नको लागि सतार अभिावकहरु र सतार विद्यार्थीहरुको धारणालाई निम्नानुसार अलग-अलग तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १३, सतार अभिभावकको धारणा**

| क.स. | रुचीको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति रुची | ३ | २० |
| २ | सामान्य रुची | ४ | २६.६७ |

| | | | |
|---|---|---|---|
| ३ | कम रुची | ६ | ४० |
| ४ | रुची नलाग्ने | २ | १३.३३ |
| | जम्मा | १५ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका १३ लाई विश्लेषण गर्दा अभिभावकहरुका अनुसार ४० प्रतिशत विद्यार्थी पढाइप्रति कम रुची २६.२७ प्रतिशतलाई सामान्य रुची, २० प्रतिशत विद्यार्थीको अति रुची रहेको देखिन्छ भने १३.३३ प्रतिशत विद्यार्थीमा पढाइप्रति रुची नरहेको देखिन्छ ।

**तालिका १४, पढाईप्रति सतार विद्यार्थीहरुको रुची**

| क्र.स. | रुचीको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति रुची | ३ | ९.५३ |
| २ | सामान्य रुची | ९ | ४२.८६ |
| ३ | कम रुची | ७ | ३३.३३ |
| ४ | रुची नलाग्ने | ३ | १४.२९ |
| | जम्मा | २१ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका १४, लाई विश्लेषण गर्दा सतार वालवालिकाहरुमध्ये पढाइप्रति ४२.८६ प्रतिशत सामान्य रुची, ३३.३३ प्रतिशतको कम रुची, १४.२९ प्रतिशतको रुची नलाग्ने देखिन्छ भने मात्र ९.५२ प्रतिशत विद्यार्थीको पढाइप्रति अति रुची रहेको देखिन्छ । यसलाई तालिका न.१३ संग तुलना गर्दा आंशिक रुपमा असमानता रहेको छ । यसको मूख्य कारण वालवालिकाहरुको कक्षा छाड्ने प्रवृत्तिका लागि अभिभावकहरुले मूख्य रुपमा विद्यार्थीहरुलाई नै ठहर गरेको देखिन्छ । यहाँ पढाईप्रति उनीहरुको रुची बढीरहेको अवस्था देखिन्छ । यो रुचीलाई मूर्तरुप दिन दशौं योजना (२०४९-०६४) को अनुसार आयमूलक, जीवन उपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यालय छाड्ने विद्यार्थीलाई समेट्न उपयुक्त हुने देखिन्छ । दशौं योजनाद्वारा तय गरिएका सतार वालवालिकाहरुको विचैमा कक्षा छाड्ने प्रवृत्तिलाई न्यूनीकरण गर्न “सबैका लागि शिक्षा” (EFA) कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्नुपर्ने देखिन्छ ।

### ४.२.८. पढाइप्रति सतार विद्यार्थीहरुको रुची सम्बन्धि समष्टिगत विवरण :

झापा जिल्ला पृथ्वीनगर स्रोतकेन्द्र अन्तरगत रहेका विद्यालयहरुमा अध्ययनरत सतार विद्यार्थीहरुको पढाईप्रति रुची बुझ्नको लागि सतार अभिभावकहरु र सतार

विद्यार्थीहरुको धारणाको समष्टिगत विवरणलाई निम्नानुसार तालिका र वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।


**तालिका १५, पढाइप्रति सतार विद्यार्थीहरुको रुची सम्बन्धि समष्टिगत विवरण :**

| क्र.स. | रुचीको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति रुची | ५ | १३.८९ |
| २ | सामान्य रुची | १३ | ३६.११ |
| ३ | कम रुची | १३ | ३६.११ |
| ४ | रुची नलाग्ने | ५ | १३.८९ |
| | जम्मा | ३६ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका १५, लाई विश्लेषण गर्दा पढाइप्रति सतार विद्यार्थीहरुको रुची सम्वन्धि तालिका १३ र १४ बाट प्राप्त निष्कर्षलाई समष्टिगत रुपमा तालिका १५ मा उल्लेख गरिएको छ । जस अनुसार पढाइप्रति सतार विद्यार्थीहरुमध्ये ३९.११ प्रतिशतको सामान्य रुची र कम रुची रहेको देखिन्छ भने १३.८९ प्रतिशत विद्यार्थीहरुको अति रुची र रुची नै नलाग्ने देखिन्छ ।

**उक्त तालिकालाई निम्नानुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।**




सतार जातिका वालवालिकाहरुले बीचैमा कक्षा छाड्नु पर्ने स्थितिलाई विश्लेषण गर्दा विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको अभिभावकहरुको अत्याधिक रुपमा चेतनाको कमीका कारणले विद्यार्थीलाई पढाएर त्यसबाट समाजमा पुग्ने फाइदाको बारेमा तथा शिक्षाले जीविकोपार्जन गर्नको लागि दिने योगदानको बारेमा नबुझेको देखियो । यसले

के स्पष्ट गर्दछ भने कार्ल मार्क्स (सन् १८१८-१८८३) ले उल्लेख गरेजस्तै उत्पादनका साधनमा नियन्त्रण तथा असमान वितरण प्रणालीमा आधारित छ । अर्थात् आर्थिक कारणले गर्दा समाजमा वर्ग निर्माण हुन्छ भन्ने सिद्धान्तसंग मेल खाएको देखिन्छ । यसैगरी चौधरी (२०६५) ले उल्लेख गरेझैं शिक्षामा सतार एवम् पिछडिएका वर्गको पहुँच बढाई कक्षा छाड्ने प्रवृत्तिलाई अरु न्युनीकरण गर्न छात्रवृत्तिको राशीलाई बढाई अझ व्यवस्थित गर्नुपर्ने खालका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरी विद्यालयमा सतार विद्यार्थी संख्याको भर्नादर एवम् टिकाउदर बढाउनको लागि विद्यालयलाई थप अनुदान एवम् शिक्षकलाई तालिमको व्यवस्था गर्न सके सतार वालवालिकाहरुले बीचैमा छाड्ने समस्या न्युनिकरण हुन्छ । यसबाट के पुष्टि हुन्छ भने सतार जातिका वालवालिकाको विद्यालय बीचैमा छाड्नुमा अभिभावकहरुको आर्थिक तथा चेतनामा कमीको कारण नै देखिन्छ ।

**४.३ सतार विद्यार्थीका अभिभावकहरुको शैक्षिक र आर्थिक अवस्था :**

झापा जिल्ला वनियानी गा.वि.स.वडा नं.८ र ९ मा बसोबास गर्ने सतार समुदायहरु अन्य दलित समूदाय सरह शिक्षामा निकै पछाडी परेका छन् । धेरैजसो सतार अभिभावकहरु निरक्षर रहेका छन्  केहीले मात्र सामान्य लेखपढ गर्न सक्दछन् । सतारहरुको आर्थिक अवस्था अत्यन्तै नाजुक रहेको पाईन्छ । धेरै जसो अभिभावकहरु ज्याला मजदुरी गरी आफ्नो जीविकोपार्जन गरेको पाइन्छ र केही सतार अभिभावकहरुले आफ्नो पुर्ख्यौली पेशा र खेतिपाती गरी जीविकोपार्जन गर्दै आएको देखिन्छ ।

**४.३.१. सतार विद्यार्थीको बिचैमा कक्षा छाड्नुको लागि जिम्मेवार पक्ष :**

झापा जिल्ला पृथ्वीनगर स्रोत केन्द्र अन्तरगत रहेका समूदायिक विद्यालयहरुमा अध्ययनरत सतार विद्यार्थीहरुले बीचैमा कक्षा छाड्नुको लागि जिम्मेवार पक्षहरु के हुन सक्छन् भनी प्र.अ.तथा शिक्षक र सतार अभिभावकहरुका धारणालाई निम्नानुसार अलग-अलग तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १६, प्र.अ.तथा शिक्षकको धारणा**

| क्र.स. | जिम्मेवार पक्ष | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समाज | ४ | २६.६७ |
| २ | विद्यालय | ० | ०.०० |
| ३ | शिक्षक | १ | ६.६७ |

| | | | |
|---|---|---|---|
| ४ | अभिभावक | ८ | ५३.३३ |
| ५ | विद्यार्थी स्वयं | २ | १३.३३ |
| | जम्मा | १५ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका १६, लाई विश्लेषण गर्दा प्र.अ.तथा शिक्षकका अनुसार सतार वालवालिकाको कक्षा छाड्नुमा ५३.३३ प्रतिशत अभिभावक, २६.६७ प्रतिशत समाज, १३.३३ प्रतिशत विद्यार्थी स्वयं, ६.६७ प्रतिशत शिक्षक र ० प्रतिशत विद्यालय जिम्मेवार रहेको देखिन्छ । सतार उत्थानका लागि विभिन्न सरकारी र गैर सरकारी संस्थाले सपना बाँडे पनि, सरकारले समानताको कानुन निर्माण गरेता पनि अझै भेदभावको अवस्था सृजित रहेको तथा आर्थिक विपन्नता र रोजगारको अवसरको अभावका कारण वालवालिकालाई बीचैमा कक्षा छोडाउनका लागि ५३.३३ प्रतिशत अभिभावक जिम्मेवार देखिन्छन् ।

कक्षा छाड्नु सम्बन्धि समस्या समाधानका बारेमा प्र.अ.र शिक्षकको धारणा बुझी चेतना बृद्धि गर्न घरदैलो कार्यक्रम गर्नुपर्ने, निःशुल्क र छात्रवृत्ति कार्यक्रम संचालन गर्नुपर्ने र सामाजिक व्यवहारमा परिवर्तन गर्नुपर्ने प्रत्युत्तर प्राप्त भयो । यस्तै रेविट (सन् २००१) बाट प्रकाशित शैक्षिक अवसर विभिन्न समूहका लागि सामाजिक सहकार्य नामक प्रतिवेदन उल्लेख भए झै अभिभावक जनचेतना र्काक्रम मार्फत सतार अभिभावकहरुलाई शिक्षाको महत्वबारे बुझाउन सकेमा विद्यार्थीको बीचैमा कक्षा छाड्ने प्रवृत्तिलाई न्यूनिकरण गरि विद्यालय निरन्तरतामा बृद्धि गर्न सकिने देखिन्छ । यसप्रति जिम्मेवार पक्षको ध्यानाकर्षीत गराउनमा यस शोधकार्यले अवश्य पनि सहयोग पुऱ्याउने छ ।

**तालिका १७, सतार अभिभावकको धारणा**

| **क्र.स.** | **जिम्मेवार पक्ष** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | समाज | ३ | २०.०० |
| २ | विद्यालय | ० | ०.०० |
| ३ | शिक्षक | १ | ६.६७ |

| | | | |
|---|---|---|---|
| ४ | अभिभावक | ९ | ६०.०० |
| ५ | विद्यार्थी स्वयं | २ | १३.३३ |
| | जम्मा | १५ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका १७, लाई विश्लेषण गर्दा सतार विद्यार्थीहरुको कक्षा छोड्ने अभिभावकले आफूलाई ६० प्रतिशत जिम्मेवार ठानेको देखिन्छ भने २० प्रतिशत समाज, ६.६७ प्रतिशत शिक्षक र १३.३३ प्रतिशत विद्यार्थीलाई जिम्मेवार रहेको भनी किटान गरेको पाइन्छ । विद्यालयलाई भने जिम्मेवार पक्षको रुपमा स्वीकार गरेको पाइएन । यसलाई प्र.अ.एवम् शिक्षकबाट प्राप्त धारणाको तालिका १६ संग तुलना गर्दा पतनका लागि सबभन्दा बढी जिम्मेवार अभिभावक नै रहेको देखिन्छ । अभिभावकले आफूलाई दोषी माने पनि प्र.अ.एवम् शिक्षकहरुले स्वयंलाई जिम्मेवार ठहर गरेको देखिदैन । यसका साथै विद्यालय र शिक्षकलाई पतनको कारण मान्ने संख्या ज्यादै न्यून रहेको देखिन्छ ।

### ४.३.२. कक्षा छाड्ने प्रवृत्तिका लागि जिम्मेवार पक्ष सम्बन्धि समष्टिगत विवरण :

झापा जिल्ला पृथ्वीनगर स्रोत केन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरुमा अध्ययनरत सतार विद्यार्थीहरुले बीचैमा कक्षा छाड्नुको लागि जिम्मेवार पक्षहरु के हुन सक्छन भनी प्र.अ.तथा शिक्षक र सतार अभिभावकहरुका धारणालाई समष्टिगत रुपमा निम्नानुसार तालिका र वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।


**तालिका १८, कक्षा छाड्ने प्रवृत्तिका लागि जिम्मेवार पक्ष सम्बन्धि समपष्टिगत विवरण :**

| क्र.स. | जिम्मेवार पक्ष | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समाज | ७ | २३.३३ |
| २ | विद्यालय | ० | ०.०० |
| ३ | शिक्षक | २ | ६.६७ |
| ४ | अभिभावक | १७ | ५६.६७ |
| ५ | विद्यार्थी स्वयं | ४ | १३.३३ |
| | जम्मा | ३० | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका १६ र १७ लाई समष्टिगत रुपमा तालिका ८ मा प्रस्तुत गरी अध्ययन गर्दा सतार विद्यार्थीहरुको कक्षा छाड्नुमा २३.३३ प्रतिशत समाज, ०.०० प्रतिशत विद्यालय, ६.६७ प्रतिशत शिक्षक, १३.३३ प्रतिशत विद्यार्थी स्वयं रहेको देखिन्छ । जसबाट सबैभन्दा बढी ५६.६७ अभिभावक त्यसपछि समाज जिम्मेवार रहेको देखन्छ भने विद्यार्थी स्वयं र शिक्षक आंशिक रुपमा जिम्मेवार छन् । तर सतार वालवालिकाले बीचैमा कक्षा छाड्नुमा विद्यालय जिम्मेवार रहेको देखिदैन ।

**उक्त तथ्याङ्कलाई वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।**




### ४.३.३. कक्षा छाड्ने विद्यार्थीका अभिभावकको शैक्षिक अवस्था :

झापा जिल्ला वनियानी गा.वि.स.वडा नं.८ र ९ मा बसोबास गर्ने सतार अभिभावकहरु सदियौदेखि उत्पिडित तथा अपहेलित हुँदै आएकाले गर्दा उनीहरुको शैक्षिक अवस्था त्यति राम्रो देखिदैन । अध्ययनबाट पाइएका उनीहरुको शैक्षिक अवस्थालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १९, कक्षा छाड्ने विद्यार्थीका अभिभावकहरुको शैक्षिक अवस्था**

| क्र.स. | शैक्षिक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पढेको छैन | ८ | ५३.५३ |
| २ | प्रौढ कक्षा पढेको | ४ | २६.६७ |
| ३ | प्रा.वि.तह पुरा गरेको | २ | १३.३३ |
| ४ | नि.मा.वि.तह पुरा गरेको | १ | ६.६७ |
| ५ | मा.वि.तह पुरा गरेको | - | ०.०० |
| ६ | उ.शिक्षा हासिल गरेको | - | ०.०० |
| | जम्मा | १५ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका १९, लाई विश्लेषण गर्दा कक्षा छाड्ने सतार विद्यार्थीका अभिभावकहरुको शैक्षिक अवस्था अत्यन्त दयनिय रहेको देखिन्छ । जस अन्तरगत ५३.५३ प्रतिशतले पढेको छैन अर्थात निरक्षर रहेका छन् भने २६.६७ प्रतिशतले प्रौढ कक्षा सम्म पढेको, १३.३३ प्रतिशतले प्रा.वि.तहको अध्ययन पूरा गरेको तथा ६.६७ प्रतिशतले मात्र नि.मा.वि.तहको पुरा गरेको देखिन्छ । मा.वि. तह तथा त्यसभन्दा माथिको शैक्षिक

योग्यता प्राप्त गर्ने अभिभावकको संख्या ०.०० प्रतिशत रहेको देखिन्छ । अभिभावकहरुको शैक्षिक स्तर न्युन भएकाले शिक्षाको महत्व नबुझ्नु स्वभाविक नै हो । त्यसकारण अभिभावकहरु आफ्ना वालवालिकालाई बीचैमा कक्षा छोडाउँछन् । कक्षा छोडाउँदा हुने घाटा सम्बन्धमा उनीहरुमा चेतना रहेको छैन । यसै सन्दर्भमा अभिभावकको शैक्षिक अवस्थाले उनीहरुका सन्ततीको शैक्षिक पक्ष सुनिश्चित हुने भएकाले समाजमा शिक्षाप्रति सकारात्मक सोचको विकास गराउने तथा आयमूलक ज्ञान सीपहरु प्रदान गरी अभिभावकको शैक्षिक तथा आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रमहरु तय गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

**४.३.४. कक्षा छाड्ने विद्यार्थीका अभिभावकको मासिक आय आर्जनको अवस्था :**

झापा जिल्ला वनियानी गा.वि.स.वडा नं.८ र ९ मा बसोबास गर्ने सतार अभिभावकको आय आर्जनको अवस्थालाई अध्ययन गर्दा उनीहरुको मासिक आय निम्नानुसार रहेको पाइयो ।

**तालिका २०, कक्षा छाड्ने विद्यार्थीका अभिभावकहरुको मासिक आय आर्जनको अवस्था**

| क्र.स. | मासिक आय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु. १००० भन्दा कम | ३ | २० |
| २ | रु. २००० भन्दा कम | ७ | ४६.६७ |
| ३ | रु. ३००० भन्दा कम | ४ | २६.६७ |
| ४ | रु. ४००० भन्दा कम | १ | ६.६७ |
| ५ | रु. ५००० भन्दा कम | ० | ०.०० |
| | जम्मा | १५ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका २०, लाई विश्लेषण गर्दा अभिभावकहरुको मासिक आय आर्जन २० प्रतिशतको रु.१००० भन्दा कम, ४६.६७ प्रतिशतको रु.२००० भन्दा कम, २६.६७ प्रतिशतको रु. ३००० भन्दा कम र ६.६७ प्रतिशतको रु. ४००० भन्दा कम मासिक आय आर्जन गर्दछन् भने रु. ५००० भन्दा बढी मासिक आय आर्जन हुने अभिभावक ०.०० रहेको देखिन्छ । यसबाट सतार अभिभावकको आर्थिक स्तर अत्यन्त दयनीय रहेको स्पष्ट हुन जान्छ । जसले गर्दा अभिभावक लगायत उनका सन्तानहरुको समेत शैक्षिक स्तर न्युन हुनु स्वभाविक देखिन्छ । किनभने आफ्ना अभिभावकको मासिक आय न्युन रहेको र सो आम्दानीले वर्ष भरी खान नपुग्ने भएकोले सतार विद्यार्थीहरु पढाई पूरा नगरी बीचैमा कक्षा छोड्छन् । त्यसैले राष्ट्रिय स्तरमा नै मुख्य रुपले सतार, दलित जनजाति, महिला तथा पिछडिएका वर्गहरुका लागि गरिबी निवारणका कार्यक्रमहरु

ल्याउनुपर्ने देखिन्छ । जसका लागि सरकारी, गैरसरकारी लगायत सबै पक्षले आ-आफ्नो ठाउँबाट सहयोग पुऱ्याउनु अपरिहार्य हुन आउँछ ।

### ४.३.५. कक्षा छाड्ने विद्यार्थीका अभिभावकको मूख्य पेशा :

झापा जिल्ला वनियानी गा.वि.स.वडा नं.८ र ९ मा बसोबास गर्ने सतार अभिभावकहरुले जिवीकोपार्जनको लागि अपनाउने मूख्य पेशाको अध्ययन गर्दा निम्नानुसार रहेको पाइयो ।

**तालिका २१, कक्षा छाड्ने विद्यार्थीका अभिभावकको मूख्य पेशा**

| क्र.स. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुर्ख्यौली पेशा | २ | १३.३३ |
| २ | खेती | ५ | ३३.३३ |
| ३ | ज्याला मजदुरी | ८ | ५३.३३ |
| ४ | व्यापार | ० | ०.०० |
| ५ | नोकरी | ० | ०.०० |
| | जम्मा | १५ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका २१, लाई विश्लेषण गर्दा सतार विद्यार्थीका अभिभावकहरु मध्ये ५३.३३ प्रतिशतले ज्याला मजदुरी, ३३.३३ प्रतिशतले खेती, १३.३३ प्रतिशतले पुर्ख्यौली पेशालाई आफ्नो जिवीकोपार्जनको रुपमा लिएको देखिन्छ भने ०.०० पंतिशत अभिभावकहरु नोकरी  र व्यापारमा संलग्न रहेको देखिन्छ । यसरी तालिका नं.२१ ले सतार अभिभावकको उच्च गरिबीको अवस्थालाई छर्लङ्ग पार्दछ । त्यसैले गरिबीका कारण सतार विद्यार्थीहरु बीचैमा कक्षा छाड्छन् । यसरी ज्याला मजदुरी तथा खेतीपाती र पुर्ख्यौली पेशालाई आफ्नो आय आर्जनको प्रमुख उपायको रुपमा अबलम्वन गर्नुको मुख्य कारण अभिभावकको न्युन शैक्षिक स्तर हुनु नै रहेको देखिन्छ । अभिभावकहरुलाई आर्थिक रुपमा सुदृढ बनाउन उनीहरुलाई पेशागत रुपमा सजग बनाउनु पर्ने देखिन्छ जसका लागि दशौ योजनाको लक्ष्य अनुरुप अभिभावकहरुका लागि आयमूलक जीवनोपयोगी अनौपचारिक शिक्षा अर्थात कार्यमूलक साक्षरता शिक्षा कार्यक्रम सञ्चालन गरी सामाजिक, आर्थिक रुपान्तरण गर्नुपर्ने देखिन्छ ।

### ४.३.६ कक्षा छाड्ने विद्यार्थीका अभिभावकको स्थीर(अचल) सम्पत्ति :

झापा जिल्ला वनियानी गा.वि.स.वडा नं.८ र ९ मा बसोबास गर्ने सतार अभिभावकहरुको स्थीर तथा अचल सम्पत्तिको अध्ययन गर्दा निम्नानुसार रहेको पाइयो ।

**तालिका २२, कक्षा छाड्ने विद्यार्थीका अभिभावकको स्थीर(अचल) सम्पत्ति**

| क्र.स. | अचल सम्पत्ति | संख्या | प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | घडेरी मात्र भएका तर घर नभएका | ६ | ४० |
| २ | अर्काको जग्गामा घर बनाएर बसेका | २ | १३.३३ |
| ३ | ५ कट्ठा भन्दा कम जग्गा | ४ | २६.६७ |
| ४ | १० कट्ठा भन्दा कम जग्गा | २ | १३.३३ |
| ५ | १ विगा भन्दा कम जग्गा | १ | ६.६७ |
| ६ | १ विगा भन्दा बढी जग्गा | ० | ०.०० |
| | जम्मा | १५ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका २२, लाई विश्लेषण गर्दा सतार अभिभावकको अचल सम्पत्ति सम्बन्धि विवरणलाई स्पष्ट पार्दछ । जहाँ अभिभावकको अवस्था अध्ययन गर्दा ४० प्रतिशतको घडेरी मात्र भएको तर घर नभएको, १३.३३ प्रतिशतले अर्काको जग्गामा घर बनाएर बसेको, २६.६७ प्रतिशतको ५ कट्ठा भन्दा कम जग्गा रहेको, १३.३३ प्रतिशतको १० कट्ठा भन्दा कम जग्गा रहेको र ६.६७ प्रतिशतको १ बिगा भन्दा कम जग्गा रहेको तथा ०.०० प्रतिशतको १ बिगा भन्दा बढी जग्गा रहेको देख्न सकिन्छ । यसरी गाँस र बाँसको समस्यामा पिल्सिएका अभिभावकहरुको शैक्षिक अवस्था न्यून हुनु स्वभाविक नै भएकाले त्यसतर्फ सबै पक्षको ध्यान जानुपर्ने आवश्यक देखिन्छ । यस्ता न्यून आयस्रोत भएका परिवारका लागि विशेष कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

### ४.३.७. कक्षा छाड्ने विद्यार्थीका अभिभावकको खानपानको अवस्था :

झापा जिल्ला वनियानी गा.वि.स.वडा नं.८ र ९ मा बसोबास गर्ने सतार अभिभावकहरुले वर्षभरिको उत्पादनले के कति समय खान पुग्छ भनी अध्ययन गर्दा निम्नानुसार पाइयो :

**तालिका २३, कक्षा छाड्ने विद्यार्थीका अभिभावकको खानपानको अवस्था**

| क्र.स. | खान पुग्ने अवधि | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | तीन महिना भन्दा कम | ३ | २० |
| २ | ३-६ महिना | ७ | ४६.६७ |
| ३ | ६-९ महिना | ४ | २६.६७ |
| ४ | १ वर्ष सम्म | १ | ६.६७ |
| | जम्मा | १५ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका २३, ले सतार अभिभावकहरुमध्ये ६.६७ प्रतिशतको माग आफ्नो आम्दानीले वर्षभरि अवस्था देखिन्छ, जबकी अन्य अभिभावकहरुमा २० प्रतिशतको तीन महीना भन्दा कम, ४६.६७ प्रतिशतका ३-६ महिनासम्म तथा २६.६७ प्रतिशतको ६-९ महिनासम्म आफ्नो आम्दानीले खान पुग्ने अवस्था देखिन्छ। यस तथ्यबाट यो स्पष्ट हुन्छ कि वर्षभरी खाना नपुग्ने अधिकांश सतार परिवार रहेका छन् फलस्वरुप उनीहरुको अन्य आवश्यकता पूरा हुने सम्भावना नै देखिदैन।

यसरी खान नपुगेको कारणले आर्थिक कार्यमा सहयोग पुऱ्याउन र आतिरिक्त आम्दानी प्राप्त गर्न सतार विद्यार्थीहरु पढाइ पूरा नगरी बीचैमा कक्षा छाड्छन्। सतार अभिभावकको यस्तो आर्थिक संकटमा अन्य गतिबिधि जस्तै : शिक्षामा लगानी गर्न तथा केही रकम बचत गर्नत असम्भव नै देखिन्छ। समयमा खाना नपाउनु तथा पौष्टिक आहारको अभावले मानवीय जनशक्ति विकासमा बाधा हुने तथ्यलाई ध्यानमा राखी राष्ट्रिय स्तरमा नै निम्न आर्थिक अवस्था भएको जनसंख्याका लागि खाद्यान्नको उचित व्यवस्था मिलाउनु राष्ट्र विकासको मूल आधार हुन आउछ। जसका लागि पिछडिएका वर्गमा व्यवसायिक सीपमूलक तालिम प्रदान गर्ने व्यवस्था मिलाई रोजगारीको सु-अवसर प्रदान गर्नुपर्ने देखिन्छ।

### ४.३.८. सतार विद्यार्थीहरु पुनः कक्षा प्रवेश गर्ने चाहना :

झापा जिल्ला पृथ्वीनगर स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरुमा अध्ययनरत सतार विद्यार्थीहरुले बीचैमा कक्षा छाडी पुनः कक्षा प्रवेश गर्ने चाहना राख्ने विद्यार्थीहरुको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २४, सतार विद्यार्थीहरु पुनः कक्षा प्रवेश गर्ने चाहना**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पढ्छु | १२ | ५७.१४ |
| २ | पढ्दिन | ९ | ४२.८६ |
| | जम्मा | २१ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका २४, लाई विश्लेषण गर्दा पढ्न छाडेका सतार विद्यार्थीहरुमध्ये ५७.१४ प्रतिशतले पुनः कक्षा प्रवेश गर्न चाहना राखेको देखिन्छ भने ४२.८६ प्रतिशतले नपढ्ने धारणा व्यक्त गरेको देखिन्छ। यसबाट के स्पष्ट हुन्छ भने विद्यालय बीचैमा छाड्ने विद्यार्थीहरु पुनः आफ्नो अध्ययनलाई निरन्तरता दिन चाहन्छन् जुन सामाजिक विकासको लागि सकारात्मक पक्ष हो। पढाइलाई निरन्तरता दिन नचाहनेको संख्या कम रहेको देखिन्छ। तिनीहरुलाई आवश्यकता अनुसार मनोबैज्ञानिक प्रविधिद्वारा परामर्श दिन

सकेको खण्डमा पुनः विद्यालयमा सहभागी गर्न सकिने मौका रहेको कुरा नकार्न सकिदैन् ।

तालिका १२, मा उल्लेख भए अनुसार पढाइ छाडेका सतार वालवालिकाको पतनमा आर्थिक, सामाजिक र चेतनाको कमी जस्ता पक्ष नै प्रमुख कारक रहेको देखिन्छ । तद् अनुरुप विद्यनाथ कोइराला (२०६५) ले भनेझैं कृषि कार्यको समयमा छोटो समयका कक्षाहरु संचालन गरेमा एकातर्फ विद्यालय छाड्ने प्रवृत्तिमा कमी आउने र अर्कोतर्फ खेतीपाती र अन्य घरको काममा बाधा नपुग्ने देखिन्छ । त्यसैगरी सन्देशमूलक विद्यालय खोलिनु पर्दछ । जसले उनीहरुमा चेतनाको बृद्धि हुनेछ । जहाँबाट उहाँ कारकको रुपमा रहेको चेतनाको कमीमा न्यूनीकरण भै बीचैमा विद्यालय छाड्ने दरमा कमी हुनेछ ।

**४.३.९. कक्षा छाड्ने विद्यार्थीका अभिभावकको शिक्षा सम्बन्धि धारणा :**

झापा जिल्ला वनियानी गा.वि.स.वडा नं.८ र ९ मा बसोबास भर्ने सतार अभिभावकहरुको शिक्षा सम्बन्धि धारणालाई निम्नानुसार रहेको पाइयो ।

**तालिका २५, कक्षा छाड्ने विद्यार्थीका अभिभावकको शिक्षा सम्बन्धि धारणा**

| क्र.स. | धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सकारात्मक | ८ | ५३.३३ |
| २ | नकारात्मक | १ | ६.६७ |
| ३ | मिश्रित | ६ | ४०.०० |
| | जम्मा | १५ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका २५, ले सतार अभिभावकको शिक्षा प्रतिको दृष्टिकोणलाई स्पष्ट पार्दछ । जसअनुसार शिक्षाप्रति ५३.३३ प्रतिशतको सकारात्मक ४०.०० प्रतिशतको मिश्रित र ६.६७ प्रतिशतको नकारात्मक धारणा रहेको देखिन्छ । यसरी अधिकांश अभिभावकहरुले शिक्षा प्रति मिश्रित र नकारात्मक धारणा राख्ने गरेको देखिन्छ । जसबाट केही अभिभावकहरु शिक्षाप्रति अनविज्ञ रहेको तथा शिक्षाको महत्वलाई नबुझेको तथ्य स्पष्ट हुन्छ । अभिभावकहरुको यस्तो धारणा पनि वालवालिकाको कक्षा छोड्ने कारण बन्न सक्छ । यसकारण दशौ योजनाको लक्षित कार्यक्रम अनुसार औपचारिक शिक्षालाई प्रभावकारी रुपमा लागु गरी सतार अभिभावकको शिक्षाप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन सकिने देखिन्छ ।

सतार विद्यार्थीहरुका अभिभावकको शैक्षिक र आर्थिक अवस्थालाई विश्लेषण गर्दा विद्यालय बीचैमा छाड्ने सतार विद्यार्थीहरुको आर्थिक अवस्था अत्यन्त कमजोर देखियो । साथै ती अभिभावकको शैक्षिक अवस्था पनि ज्यादै न्यून देखिन्छ । धेरै जसो

अभिभावकहरु निरक्षर छन् । यसले के स्पष्ट गर्छ भने मार्क्स (सन् १८१८-१८८३) ले उल्लेख गरेजस्तै उत्पादनका साधनमा असमान वितरण प्रणालीले गर्दा नै समाजमा वर्ग निर्माण हुन्छ । समाजमा सम्पूर्ण सम्पतिमा एकाधिकार जमाउने वर्ग र बाँच्नका लागि श्रम बेच्ने वर्ग जुन आज समाजमा दलित एवम् पिछडिएका वर्गको रुपमा स्थापित रहेको देखिन्छ भन्ने सिद्धान्तसँग मेल खाएको देखिन्छ । यसैगरी बर्षौदेखि राज्यको कारण आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक लगायत हरेक दृष्टिले यि समूदाय पछि परेका छन् । यसबाट के स्पष्ट हुन्छ भने बर्षौदखि पछि पारिदै आएका सतार जातिको शैक्षिक अवस्था राम्रो छैन साथै अशिक्षित भएकाले गर्दा उनीहरुको आर्थिक अवस्था पनि राम्रो बनाउन सकेको देखिदैन ।

## ४.४. सतार विद्यार्थीको कक्षा छाड्ने दर घटाउने उपायहरु :

झापा जिल्ला पृथ्वीनगर स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरु श्री हिमाली उ.मा.वि., श्री जनता प्रा.वि. र श्री लक्ष्मी उ.मा.वि.का प्राथमिक तहमा अध्ययनरत सतार विद्यार्थीको कक्षा छाड्ने दर घटाउन के गर्नुपर्ला भनि प्र.अ.तथा शिक्षक, सतार अभिभावकहरु, सतार विद्यार्थीहरु र वि.व्य.स. तथा पि.टि.ए.का अध्यक्षहरुसँग लिइएको धारणालाई निम्नानुसार अलग-अलग तालिकामा प्रस्तुत गरिएको छ :

### ४.४.१. प्र.अ.तथा शिक्षकको अनुसार :

पृथ्वीनगर स्रोतकेन्द्रका छनौटमा परेका सामूदायिक विद्यालयका प्र.अ. तथा शिक्षकहरुसंग सतार विद्यार्थीहरुको कक्षा छोड्ने दर घटाउने उपायहरुको बारेमा लिइएको राय निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २६, प्र.अ.तथा शिक्षकका अनुसार**

| क्र.स. | उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चेतनामूलक कार्यक्रम | ६ | ४०.०० |
| २ | शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था | २ | १३.३३ |
| ३ | शिक्षकको समान व्यवहार | १ | ६.६७ |
| ४ | छात्रवृत्ति र निःशुल्क शिक्षा | ४ | २६.६७ |
| ५ | विद्यालय खाजा कार्यक्रम | २ | १३.३३ |
| | जम्मा | १५ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका २६, ले सतार विद्यार्थीको कक्षा छाड्ने दर घटाउनका लागि प्र.अ. तथा शिक्षकहरुमध्ये ४० प्रतिशतले चेतनामूलक कार्यक्रम, २६.६७ प्रतिशतले छात्रवृत्ति र निःशुल्क शिक्षा व्यवस्था, १३.३३ प्रतिशतले शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था र विद्यालयमा खाजा कार्यक्रम र ६.६७ प्रतिशतले शिक्षकले समान व्यवहार गर्नुपर्ने धारणा राखेको देखिन्छ । यहाँ सतार अभिभावकका लागि चेतनामूलक कार्यक्रम तथा विद्यार्थीका लागि छात्रवृत्ति एवं निःशुल्क शिक्षा नीतिलाई कक्षा छोड्ने दर घटाउने प्रमुख उपायको रुपमा लिइएको देखिन्छ भने आंशिक रुपमा ६.६७ प्रतिशत भएपनि विद्यालयमा शिक्षकले सबै विद्यार्थीप्रति समान व्यवहार गर्नुपर्ने तथ्यलाई स्वीकार गरेको देखिन्छ ।

**४.४.२. सतार अभिभावकका धारणा :**

सतार अभिभावकहरुसंग उनीहरुका छोराछोरीले बीचैमा कक्षा छाड्ने दरलाई घटाउने उपायहरु के हुन सक्छन् भनी लिइएको राय निम्नानुसार पाइयो ।

**तालिका २७, सतार अभिभावकका अनुसार**

| क्र.स. | उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चेतनामूलक कार्यक्रम | ४ | २६.६७ |
| २ | शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था | १ | ६.६७ |
| ३ | शिक्षकको समान व्यवहार | २ | १३.३३ |
| ४ | छात्रवृत्ति र निःशुल्क शिक्षा | ५ | ३३.३३ |
| ५ | विद्यालय खाजा कार्यक्रम | ३ | २० |
|  | जम्मा | १५ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका २७, मा सतार विद्यार्थीको कक्षा छाड्ने दरलाई घटाउन छात्रवृत्ति र निःशुल्क शिक्षा गरिनु पर्नेमा ३३.३३ प्रतिशत, चेतनामूलक कार्यक्रम चलाउनु पर्नेमा २६.६७ प्रतिशत अभिभावकको धारणा रहेको देखिन्छ भने विद्यालयमा विद्यार्थीको सहभागिता बढाउनका लागि शैक्षिक तथा खेल सामग्रीको व्यवस्था, शिक्षकको समान व्यवहार र विद्यालमा खाजा कार्यक्रम चलाउनु पर्नेमा क्रमशः ६.६७ प्रतिशत, १३.३३ प्रतिशत र २० प्रतिशत अभिभावकको धारणा रहेको छ । यसलाई तालिका २६ सँग तुलना गर्दा प्र.अ. तथा शिक्षकले चेतनामूलक कार्यक्रमलाई बढी प्राथमिकता दिएको देखिन्छ भने अभिभावकले छात्रवृत्ति र निःशुल्क शिक्षा नीति लागु गर्नुपर्नेमा जोड दिएको देखिन्छ ।

**४.४.३. कक्षा छाड्ने सतार विद्यार्थीका अनुसार :**

पृथ्वीनगर स्रोतकेन्द्र अन्तरगतका छनौटमा परेका सामुदायिक विद्यालयका कक्षा छाड्ने विद्यार्थीहरुमध्ये छनौटमा परेका २१ जना विद्यार्थीहरुलाई कक्षा छोड्ने दर घटाउने उपायहरुको बारेमा लिइएको राय निम्नानुसार रहेको पाइयो :

**तालिका २८, कक्षा छाड्ने सतार विद्यार्थीका अनुसार**

| क्र.स. | उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चेतनामूलक कार्यक्रम | ८ | ३८.०९ |
| २ | शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था | १ | ४.७६ |
| ३ | शिक्षकको समान व्यवहार | ४ | १९.०५ |
| ४ | छात्रवृत्ति र निःशुल्क शिक्षा | ६ | २८.५७ |
| ५ | विद्यालय खाजा कार्यक्रम | २ | ९.५३ |
| | जम्मा | २१ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका २८, लाई विश्लेषण गर्दा कक्षा छाड्ने दरलाई कम गर्न सतार विद्यार्थीहरु मध्ये ३८.०९ प्रतिशतले चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने, २८.५७ प्रतिशतले छात्रवृत्ति र निःशुल्क शिक्षा गर्नुपर्ने, १९.०५ प्रतिशतले विद्यालयमा शिक्षकले सबै विद्यार्थीप्रति समान व्यवहार गर्नुपर्ने, ९.५३ प्रतिशतले विद्यालयमा खाजा कार्यक्रम संचालन गर्नुपर्ने तथा ४.७६ प्रतिशतले शैक्षिक तथा खेल सामग्रीको व्यवस्था गर्नुपर्ने धारणा राखेका छन् । यसलाई तालिका २७ संग तुलना गर्दा प्र.अ.तथा शिक्षकको जस्तै कक्षा छाड्ने विद्यार्थीहरुले पनि कक्षा छाड्ने दर घटाउन चेतनामूलक कार्यक्रम चलाउने तथा छात्रवृत्ति र निःशुल्क शिक्षा गरिनुपर्ने समान धारणा राखेको देखिन्छ ।

### ४.४.४ वि.व्य.स.र पि.टि.ए.का अध्यक्ष अनुसार :

पृथ्वीनगर स्रोतकेन्द्र अन्तरगतका छनौटमा परेका सामूदायिक विद्यालयका सम्बन्धित वि.व्य.स.अध्यक्ष र पि.टि.ए.अध्यक्षहरुलाई सतार विद्यार्थीहरुले बीचैमा कक्षा छोड्ने दर घटाउने उपायहरुको बारेमा लिइएको राय निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २९, वि.व्य.स.र पि.टि.ए.का अध्यक्षका अनुसार**

| क्र.स. | उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चेतनामूलक कार्यक्रम | ३ | ५०.०० |
| २ | शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था | - | ०.०० |
| ३ | शिक्षकको समान व्यवहार | - | ०.०० |
| ४ | छात्रवृत्ति र निःशुल्क शिक्षा | २ | ३३.३३ |
| ५ | विद्यालय खाजा कार्यक्रम | १ | १६.६७ |

| | | | |
|---|---|---|---|
| | जम्मा | ६ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**

तालिका २९, लाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका ३ वटा विद्यालयका ६ जना वि.व्य.स.का अध्यक्षहरु मध्ये ५० प्रतिशतले चेतनामूलक कार्यक्रमलाई नै कक्षा छाड्ने दर घटाउने प्रमुख उपायका रुपमा लिएको देखिन्छ भने ३३.३३ प्रतिशतले छात्रवृत्ति र निःशुल्क शिक्षा तथा १६.६७ प्रतिशतले विद्यालयमा खाजा कार्यक्रम चलाउन सकेमा कक्षा छाड्ने दर घटाउन सकिने धारणा राखेका छन् ।

### ४.४.५. सतार विद्यार्थीको कक्षा छाड्ने दर घटाउने उपायहरुको समष्टिगत विवरण :

झापा जिल्ला पृथ्वीनगर स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयका प्राथमिक तहमा अध्ययनरत सतार विद्यार्थीको कक्षा छाड्ने दर घटाउन के गर्नुपर्ला भनि प्र.अ.तथा शिक्षक, सतार अभिभावकहरु, सतार विद्यार्थीहरु र वि.व्य.स.तथा पि.टि.ए.का अध्यक्षहरुसँग लिइएको धारणालाई समष्टिगत रुपमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३०, सतार विद्यार्थीको कक्षा छाड्ने दर घटाउने उपायहरुको समष्टिगत विवरण**

| क्र.स. | उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चेतनामूलक कार्यक्रम | २१ | ३६.८४ |
| २ | शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था | ४ | ७.०२ |
| ३ | शिक्षकको समान व्यवहार | ७ | १२.२८ |
| ४ | छात्रवृत्ति र निःशुल्क शिक्षा | १७ | २९.८२ |
| ५ | विद्यालय खाजा कार्यक्रम | ७ | १४.०४ |
| | जम्मा | ५७ | १०० |

**श्रोत स्थलगत सर्वेक्षण, २०७१**


तालिका २६,२७ र २९ लाई समष्टिगत रुपमा तालिका ३० मा देखाइएको छ । जसबाट सतार विद्यार्थीको कक्षा छाड्ने दर घटाउने उपायहरु स्पष्ट हुन्छन् । तालिका ३० अनुसार सतार विद्यार्थीको विद्यालयमा सहभागिता वृद्धि गर्न अर्थात छाड्ने दर घटाउन ३६.८४ प्रतिशतले चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, २९.८२ प्रतिशतले छात्रवृत्ति र निःशुल्क शिक्षा हुनुपर्ने, १४.०४ प्रतिशतले विद्यालयमा खाजा कार्यक्रम सञ्चालन गर्नुपर्ने, १२.२८ प्रतिशतले विद्यालयमा विद्यार्थीप्रति शिक्षकको समान व्यवहार हुनुपर्ने तथा ७.०२ प्रतिशतले शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था हुनुपर्ने धारणा प्रस्तुत गरेको देखिन्छ । जस अनुसार चेतनामूलक र निःशुल्क शिक्षा कार्यक्रममा बढी जोड दिएको देखिन्छ भने शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्थामा आंशिक रुपमा कम जोड दिएको देखिन्छ ।

प्रस्तुत तालिकामा विद्यार्थीको कक्षा बिचमा छाड्ने प्रवृत्ति घटाउन चेतनामूलक र आर्थिक सुधार गर्नुपर्ने तथा शिक्षकले तथा प्र.अ.हरुले सबै विद्यार्थी प्रति समान व्यवहार गर्नुपर्ने देखिन्छ ।

न्यून आर्थिक अवस्था भएका सतार वालवालिकाहरुलाई विद्यालयमा नियमित गराउन खाजाको र छात्रवृत्तिको व्यवस्था गर्नुका साथै शिक्षा नियमावलीमा नै निःशुल्क शिक्षाको, खाजाको व्यवस्था गर्नुपर्ने देखिन्छ । जसले गर्दा सतार विद्यार्थीहरुलाई बिचमा कक्षा छोड्ने दरलाई घटाउदै लैजान किन्छ ।

**उक्त तथ्याङ्कलाई निम्नानुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।**

**चित्र पाँच, सतार विद्यार्थीको कक्षा छाड्ने दर घटाउने उपायहरुको समष्टिगत विवरण,**




चित्र पाँच लाई अवलोकन गर्दा सतार विद्यार्थीको कक्षा छाड्ने दर घाटाउने उपायाहरुको विभिन्न विवरणहरु दिएका छन् । जस अनुसार सबभन्दा बढि ३६.८४ प्रतिशत चेतना मुलक कार्यक्रम र सबभन्दा कम ७.०२ प्रतिशतले विद्यालय खाजा कार्यक्रमका आधारमा विद्यार्थीको काक्षा छाडने दर घाउने उपायको समष्ट्रिगत विवरण स्पष्ट छ । यसै गरि २९.८२ प्रतिशतले छात्रावृत्ति र निशुल्क तथा १४.०४ प्रतिशले शिक्षकहरुको समान व्यवहारको उपायहरुको समष्टिगत विवरण प्रष्ट हुन जान्छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

## ५.१ निष्कर्ष

### ५.१.१ सतार बालवालिकाहरुको बिचैमा कक्षा छाडने दर

यस अध्ययनको प्राप्तिहरु निम्नानुसार रहेको छ । सतार परिवारको आर्थिक दुरवस्थाको कारणले सतार बाल-बालिकाको शिक्षामा प्रत्यक्ष प्रभाव पारेको छ । सतार जातिको जग्गा जमिन नगन्य भएको र स्थायी आम्दानीको स्रोत नभएकोले सधै खाने लाउँने समस्याले गाँजिरहने हुनाले चाहेर पनि आफ्नो बालबालिकालाई पढाउनमा

निरन्तरता दिन सकिरहेका छैनन् । हघिकांस सतार परिवार आय आर्जनको बाटो परम्परा पुख्यौली पेशा संकटमा परी आय आर्जनको लागी ज्याला, मजदुरी, खेती किसान गर्ने र आफ्नो जग्गा कम भएकोले आम्दानी न्युन रहेको छ ।

सतार जातिका परिवारको औषत परिवार संख्या ठूलो छ । सतार परिवारको तुलानात्मक रुपमा अशिक्षित एंव न्युन चेतन स्तर भएकोले छोराछोरीको पढाईको लागी घरमा अनुकुल वातावरण छैन् । दलित सतार परिवारमा छोराछोरी लाई पढाउनु पर्ने भन्ने भावना क्रमश : जाग्रीत हुदै गएको छ तर छोराछोरी विद्यालय पढाउनमा माग अभिभावको दायित्य सिमित रहेको छ । घरबाटै विद्यालय नजिक भएपनि भर्ना भएको सतार बालबालिकाहरु नियमित छैनन् । सतार विद्यार्थीहरुका कक्षामा सहभागिता सन्तोष जनक छ । तापनि शैक्षिक उपलब्धि न्युन छ । सतार विद्यार्थीहरुको लागी आवश्यक पर्ने शैक्षिक सामाग्री पोशाक आदि कम उपलब्ध छ । र उपलब्ध हुदा पनि समयमा हुन सकेको छैन् । शिक्षकहरुले गैह्र दलित सतार विद्यार्थीहरुलाई गर्ने व्यवहार प्राप्त समान छ । दलित सतार विद्यार्थीहरु विद्यालयमा पढन लेख्न भन्दा पनि साथीसंग खेल, रमाईलो गर्छ । विद्यालय जान रुची राख्दछन् । विद्यालयमा खासै जातीय भेदभाव नभए तापनी दलित सतार विद्यार्थी बसेको समाजमा भेदभाव व्याप्त छ । दलित

सतार बालबाकिाहरुको विद्यालय प्रवेश ढिलो र बीचैमा कक्षा छाडने संख्या अघिक छ । सतार विद्याथीको परिक्षा उतीर्ण दर न्युन छ । शिक्षा आर्जन गरेका सतार युवाहरु बेरोजगार हुनु र जागिर खान आफनै मान्छेको पहुँच चाहिन्छ भन्ने भावनाले पढेर के काम ? भन्ने मानसिकता छ । सतार विद्यार्थीहरुले घरमा काम गर्नुपर्ने बाध्यता छ । जसले गर्दा विद्यालय जान पाउदैनन । आज छोराछोरीको पढाई सम्बन्धि अभीभावकहरुले कमै चासो लिने गरेका छन । चासो लिई हाले पनि पास र फेलमा मात्र केन्दित छ । सतार बालबालिकाहरुको शैक्षिक गतिविधि सम्बन्धमा अभिभावक लाई जानकारी, माग निर्दशन गर्ने परिपाटी राम्रो छैन । सतार बालबालिकाहरुमा पढेर भविष्यमा जीवन निर्वाह गर्ने ठुलो मान्छे बन्ने भावना जाग्गृत भएको छ ।

### ५.१.२ सतार बालवालिकाहरुले बिचैमा विद्यालय छाडने कारणहरु

सतार बालबालिकाहरुले बीचैमा कक्षा छाड्नुमा सवभन्दा चेतनाको कमी त्यसपछी आर्थिक, सामाजिक तथा अन्य कारणहरु रहेको छन् । पढाइप्रति करिब आधाजति सतार अभिभावकहरुको सामान्य रुची रहेको छ । बालबालिकाहरुले कक्षा छाड्नुमा सबभन्दा बढी अभिभावक त्यसपछि समाज र अन्य पक्ष जिम्मेवार रहेको छ । सतार विद्यार्थीहरुका अभिभावकहरुमा करिब आधा जति नपढेका र बाँकीले प्रौढ कक्षा तथा प्रा.वि., नि.मा.वि. तह मात्र पूरा गरेका रहेका छन् । सतार अभिभावकहरुको मासिक आम्दानी रु. ४००० भन्दा कम रहेको छ । जस मध्ये दुई तिहाईको मासिक आम्दानी रु.२००० को हराहारीमा रहेका छन् । सतार अभिभावकहरु मध्ये अधिंकाशको घडेरी  रहेता पनि न्यून आयस्रोतका कारण घर घरेडी सम्म नहुदाँ अर्काको जग्गामा घर बनाएर बसिरहेका छन । फलस्वरुप पारिवारिक आर्थिक अवस्थामा सहयोग पुऱ्याउन बालबालिकाहरुले पढाई पूरा नगरी बीचैमा कक्षा छाड्ने गर्दछन ।

खानपानको अवस्थामा सतार अभिभावकहरुको आफ्नो आम्दानीबाट बढीमा ३-६ महिना सम्म पुग्ने गरेको छ भने करिब ७ प्रतिशत मात्र त्यसता अभिभावक हुन् जसको आम्दनीले बर्षभरी खान पूग्ने गरेको छ । कक्षा छाडने सतार विद्यार्थीहरु मध्ये आधाभन्दा बढी विद्यार्थीको पूनः कक्षा प्रवेश गर्ने चहाना रहेको छ । शिक्षाप्रतिको दृष्टिकोण मा करिब आधाभन्दा कमको नकारात्मक एवं मिश्रित धाराण रहेको छ । अर्थात अझैं पनि सतार अभिभावकहरुको ठूलो जनसंख्या शिक्षा किन र केका लागि  वा यसको महत्व र आवश्यकता के हो ? भन्ने विषयमा अनविज्ञ रहेका छन ।

सतार बालबालिकाको विद्यालयमा सहभागिता बृद्धि गर्न ३६.४४ प्रतिशतले चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने, २९.८२ प्रतिशतले छात्रवृति र निशुल्क शिक्षा कार्यहरु सञ्चालन गर्नु पर्ने , १४.०४ प्रतिशतले विद्यालयमा खाजा कार्यक्रमको व्यवस्था गर्नु पर्ने, १२.२८ प्रतिशतले शिक्षाद्धारा सबै बालबालिकालाई समान व्यवहार गर्नु पर्ने, र ७.०२ प्रतिशतले शैक्षिक सामाग्री र खेल सामाग्री व्यवस्था गर्नु पर्ने, धारण सम्बन्धित सबै पक्षको रहेको छ ।

### ५.१.३ सतार बालवालिकाहरुको अभिवावकहरुको शैक्षिक र आर्थिक अवस्था

सतार बालवालिकाहरुका अभिवावकहरुको दैनिक अवस्था अत्यान्त दयनिय  छ । पारिवारिक अवस्थालाई अनुसन्धान गर्दा आधिनकाल देखिनै नाजुक अवस्था बाट गुजिर्दै आएको देखिन्छ । दिनको शारिरीक परिक्षम गरेर जिविका चलाउने सतार जातिका

अभिवावकहरुको पैतृक सम्पत्ति नभएको कारण हल सम्म उनिहरुको चल अचल सम्पत्तिको कुनै गहकिलो आधार नरहेको पाईन्छ ।

### ५.१.४ सतार बालवालिकाहरुले बिचैमा विद्यालय छाडने समस्या समधानका उपायहरु

यस शोधपत्रमा सतार बालबालिकाले कक्षा पुरा नगरि बीचैमा छोड्नुका कारणहरु, उनीहरुको शिक्षाप्रतिको धारण र कक्षा पटनको रोकथामलाई अध्ययनको बिषय वस्तु बनाई अध्ययन कार्य गरिरहेको छ । तथ्याङ्कगत रुपमा सतार विद्यार्थीहरु मध्ये सबभन्दा बढी आर्थिक कारण र चेतनाको अभावले बीचैमा कक्षा छोडने गरेका छन् । त्यसैले उनीहरुको लागि आयमूलक तथा चेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने तथ्यलाई सबैले स्वीकार गर्नुपर्ने देखिन्छ । कक्षा छोडेकाहरु पून भर्ना हुन चाहेका छन् भने यो सकारात्मक पक्ष हो । त्यसैले बालबालिकाहरुलाई उचित व्यवस्था र आर्थिक सहयोग दिएमा वा उनीहरुको सामाजिक स्थितिमा सुधार आएमा शिक्षा प्राप्त गर्ने इच्छा साकार हुनेछ ।

कक्षा छाडेका करिब आधाजति सतार बालबालिकाले पढाइ प्रति सामान्य रुचि राख्नुले पढाई प्रतिको उनीहरुको रुची बढी रहेको अवस्था देखिन्छ । यो रुचिलाई मूर्त दिन आयमूलक, जीवनउपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी कक्षा छाडने विद्यार्थीलाई समेटन उपयूक्त हुने देखिन्छ । दशौ योजनाद्धारा तय गरिएको सतार बालबालिकाहरुको बिचैमा कक्षा छाडने प्रवृतिलाई न्यूनिकरण गर्न सबैका लागि शिक्षा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा लागु गर्नुपर्ने देखिन्छ ।

सतार अभिभावकहरु मध्ये आधा जतिको मात्र आफ्नो आम्दानीले ३-६ महिना सम्म खान पूग्ने गरेको र मासिक आम्दानी रु. २००० सम्म मात्र रहेको तथा आधाभन्दा बढी अभिभावकहरु ज्याला मजदुरिलाई आफ्नो जीविको पार्जनको आधार बनाउने गरेको देखिन्छ । जसबाट सतार अभिभावकहरुको आर्थिक अवस्था अत्यन्त दयनीय रहेको स्पष्ट हुन्छ ।

स्थिर सम्पतिको अवस्था अध्ययन गर्दा करिब आधाभन्दा कमको मात्र आफ्नो घर घडेरी भएको तथा आधाभन्दा बढी अभिभावकहरुले साक्षरता शिक्षा सम्म हासिल गर्न नसकेको आदि जस्ता तथ्यले सतार अभिभावकहरुको दयनीय आर्थिक एव. शैक्षिक

अवस्थालाई पुष्टि गरेको छ । यसबाट के स्पष्ट हुन्छ भने उचित सीपको अभावले गर्दा उनिहरुको आर्थिक अवस्था कमजोर भई औपचारिक शिक्षाबाट बञ्चित भएता पनि उनीहरुलाई औपचारिक वा सिपमूलक शिक्षा प्रदान गर्न आवश्क देदिन्छ । सतार अभिभावकहरुको शिक्षाप्रतिको दृष्टिकोणका करिब ५३.३३ प्रतिशतको सकारात्मक ६.६४% को नकारात्मक र बाँकीको मिश्रित धारण रहेको छ। यसबाट के स्पष्ट हुन्छ कि सतारको आधा जनसंख्या शिक्षा प्रति राम्रो दृष्टिकोण राख्दछन । यसले सतार तथा पिछाडीएको लागि शिक्षा कार्यक्रम सफलताका साथ सञ्चालन गर्न सकिन्छ ।

सतार विद्यार्थीको विद्यालय सहभागीता वृद्धि गर्नमा चेतनामुलक कार्यक्रम सञ्चालन गर्नु पर्नेमा ३६.८४ प्रतिशत छात्रावृति र निशुल्क शिक्षा तथा कार्यक्रम सञ्चालन गर्नु पर्नेमा २९.८२ शिक्षकले समान व्यवहार गर्नुपर्नेमा १२.२८ धारण सम्बन्धित सबै पक्षको रहेको छ । भन्ने कुरा यस अध्ययन बाट स्पष्टहुन गएको देखिन्छ तर्सथ चेतनाको वृद्धि, छात्रा वृति र निशुल्क शिक्षा कार्यक्रम, सतार बालवालिका प्रति सम्मान व्यवहार लगायत सामाग्री र खेल सामाग्रीको व्यवस्था तथा विद्यालय खाजा कार्यक्रमहरु सञ्चालन गरेमा पकै पनि उनिहरुको विद्यालयमा सहभागीता वृद्धि हुने देखिन्छ । जसकालागी व्यक्ती, समाज ,राष्ट्रि सरकारी एवं गैरसरकारी संस्था लगायत सम्बन्धित सबै पक्षबाट सकारात्मक प्रयास गनु पर्ने आवश्यक देखिन्छ ।

## ५.२ सुझावहरु

पृथ्वीनगर स्रोतकेन्द्र अर्न्तरगत सामुदायिक विद्यालयमा अध्ययन गर्ने सतार जातिका विद्यार्थीहरुले कक्षा पुरा नगरी बीचैमा कक्षा छोडने प्रवृती सम्बन्धी समस्याहरु समाधान गर्न अबलम्बन गर्नुपर्ने मुख्य सुझावहरु निम्नानुसार सिफारिस गरिन्छ ।

### ५.२.१ नीतिगत तह

शिक्षाको महत्वबारे सतार समुदायिा चेतनामुलक कार्यकम सञ्चालन गर्नुपर्ने देखिन्छ । जसका लागी सरकारी, गैरसरकारी तथा स्थानीय निकायहरुको सक्रियतामा आवश्यक देखिन्छ । सतार बालबालिकाहरुसँग विद्यालयमा शिक्षकले सबै विद्यार्थी प्रतिगर्न जस्तै : समान व्यवहार गर्नुपर्छ । सतार बालबालिकाहरुको विद्यालयमा सहभागीता बृद्धि गर्न छात्र बृद्वि र निःशुल्क शिक्षा कार्यकम प्रभावकारी रुपमा सञ्चालन गर्न सकिन्छ । सतार जातिका अभिभावकका आर्थिक अवस्था सुधार गर्न आयमुलक कार्यमुलक कार्यकम सञ्चालन गर्नुपर्ने देखिन्छ । यसका लागि शिक्षकहरुलाई अतिरिक्त

समयमा परिचालन गरी विद्यालयले सतार बालबालिकाको लागि केही बढी व्यवहारको जिम्मेवारी लिन सकिन्छ ।

परम्परावादी पेसाको स्थानमा बढी आय आर्जन हुने पेशामा संलग्न गराउनका साथै उनीहरुको सीपमुलक तालिम, आर्थिक सहयोग र न्युन ब्याजदरमा ऋण सहयोग उपलब्ध गराउन सकिन्छ । विद्यालय छाडेका प्रौढका लागी प्रौढ तथा अनौपचारिक शिक्षा कार्यक्रम संचालन गरिनु पर्दछ । उनीहरुको विद्यालय जाने बानीको विकास गर्न बालकेन्द्र तथा शिशु स्याहार केन्द्र संञ्चालन गरिनुपर्दछ । संन्देश मुलक विद्यालयहरु खोलेमा शैक्षक चेतनको वृद्धि हुन गई कक्षा छाड्ने दर घटाउन सकिन्छ । पतनदर घटाउन उदार उर्तीण नीति लाागु गर्न सकिन्छ । बालबालिकाको शैक्षिक उपलब्धीलाई गुणस्तरीय बनाउन र विद्यालय छाड्ने दर घटाउनका लागी अतिरिक्त समयमा शिक्षण गर्न व्यवस्था गर्नुपर्ने देखिन्छ ।यसका लागी शिक्षकहरुले अतिरिक्त समयमा परिचालन गरि विद्यालयले सतार बालबालीकाको लागि केहीबढी व्यवहारको जिम्वेवारी लिन सकिन्छ ।

**५.२.२ कार्यन्वयन तह**

सतार जातीको उद्धार गर्न तथा मानवीय अधिकारको संरक्षण गर्ने क्रममा अन्तराष्टिय सस्थाको सहयोग जुटाउने तर्फ प्रयास हुनुपर्छ ।उनिहरुलाई सकरात्मक दृषिटकोणले मदत गरिनुपर्दछ । स्थानीय निकाय,सामाजीक संस्थाले विभीन्न लक्षित समूहलाई सहयोग दिने संस्थाबाट सहयोग माग गरी सतार बालबालीकाहरुलाई शिक्षा प्रदान गर्ने कार्यक्रम सहयोग गरिनुपर्दछ ।

जिल्ला शिक्षा कार्यलयले सतार बालबालिकाका लागि विशेष कार्ययोजना निमार्ण गरि शिक्षा सम्बन्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । विद्यालय जाने उमेरका सतार बालबालिकका लागि पोशाक, स्टेशन, परिक्षा शूल्क, खाजा, आदिका लागि छात्रवृत्तिको व्यवस्था निरन्तररुपमा सरकारी र गैरसरकारी क्षेत्रबाट सहयोग गरिनुपर्दछ ।

जातीय विभेद्को अन्त्य गरि सामाजिक रुपमा प्रतिष्ठित एवं सम्मानजनक जीवनयापन गर्नै सिथिको सिर्जना गर्नुपर्दछ । जसले सतार बालबालिकाहरुको विद्यालय सहभागितामा बृद्धि भई विद्यालय बिचमा छाड्नेदर स्वत. घटन पूग्दछ ।

### ५.२.३ अनुसन्धानात्मक तह

सतार बालवालिकाहरुले बिचैमा विद्यालय छाडने कारणहरुलाई अनुसन्धान गर्दा उनिहरुको इच्छा, चाहना तथा अभिरुचिलाई मध्यनजर गरेर उनिहरुलाई विद्यालय प्रतिको धारणालाई सकारात्मक रुपमा अगाडि बढाउन गरिने हरेक आन्तरिक ता बाह्य प्रयासलाई अनुसन्धान्त्मक रुपले खोज गर्न आवश्यक छ । यसका लागि उनिहरुको व्याक्तीगत तथा जातिय सहयोग हरेक तवरले गर्न सक्दा समुदाय तथा विद्यालय जाने सतार बालवालिकाहरुले विद्यलय प्रतिको रुचिलिई आफुलाई अन्य समुदाय सरह अगाडि बढाउन सक्छन् । यसरी उनिहरुको विद्यालय जाने रुचिलाई अनुसन्धान गरेर नीतिगत अवसरहरु प्रधान गर्न सक्दा सतार समुदायका बालवालिकाहरु आफ्नो भविष्य अरु बालवालिका जस्तै बनाउन सक्छन् भन्ने कुरामा दुईमत हुने छैन् ।

## सन्दर्भ ग्रन्थसूची


गौतम, हरि, (२०६७) , ***झापा दिग्दर्श***नि **, काठमाडौं :** ओरिएन्टल पब्लिकेसन प्रा.लि.  ।

गौतम, जि.आर., **सोसिओ कल्चरल स्टडि अव सतार कम्यूनिटी डिजरटेसन सवमिटेड टु टि.यू.**, काठमाण्डौं ।

दङ्गाल, कृष्ण प्रसाद , **लखन पुर गा.वि.स. का सतार जातिमा २०४६ को जनआन्दोलन ,** (अप्रकाशित शोधग्रन्थ),त्रि.वि.,काठमाडौं ।

पन्त, शास्त्रदत्त, **झापाका आदिवासी ललितपुर साझा प्रकाशन**, २०४१

चौधरी,अरुनक्मार (२०६५), **मधेशी दलित विद्यार्थीको प्रथामीक तह पुरा नगरी बिचैमा कक्षा छाड्नका कारणहरु, अप्रकाशित स्रोत शोधपत्र : स्क्ना बह्म्खी क्यम्पस, ईन्द्रपूर ।**

राष्ट्रिय दलित आयोय, (२०६२/०६३), **वार्षिक प्रतिवेदन, काठमाण्डौ**, थापाथली  ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), **जनगणना, कठमाण्डौ** ।

पन्त, शास्त्रदत्त, **झापाका आदिवासी, ललितपुर साझा प्रकाशन** २०४१ ।

राष्ट्रिय दलित आयोय (२०६०), **बुलेटिन, कठमाण्डौः श्री ५ को सरकार**

डिनको कार्यलय (२०५९), **शिक्षामा समाजिक न्याय, शिक्षा शास्त्र संकाय**, काठमाण्डौः त्रि.वि.वि किर्तिपूर

बिस्ट, डोरबहादुर, **पिपुल अफ नेपाल काठमाण्डौ** : रत्न पुस्तक भण्डार १९८६ ।

# सतार बालवालिकाले बिचैमा विद्यालय छाडने कारणहरु

## अनुसुची १

## सतार अभिभावकहरुको लागी प्रश्नावली

अभिभावकको नाम, थरः.....................................................

शैक्षिक योग्यताः........................

ठेगानाः..........................................................................

पेशाः....................................

१) तपाईले के कति औपचारीक शिक्षा प्राप्त गर्नु भएको छ?

२) तपाईको परिवार सख्या कति छ?

३) तपाईं के पेशा गर्नुहुन्छ?

४) तपाईंको आम्दानीले कति महिना खान पुग्दछ?

५) कति जना छोराछोरीहरुलाई विद्यालयमा पठाउनु भएको छ?

६) तपाईको छोराछोरी सधै विद्यालय जान्छन? जादैन भने किन?

७) विद्द्यालय जान छाडेका पनि हुन ? छन् भने किन छाडेका हुन ?

८) तपाई छोराछोरीको पढाई प्रति शिक्षक सँग चासो राख्नु हुन्छ? चासो राख्नु हुन्छ भने के के मा चासो राख्नु हुन्छ ।

९) तपाईका सबै छोरा छारीहरुले छात्रवृत्ति पाउछन? पाउछन भने के कति पाउँछन्?

१०) छोरा छोरी ले पाएको छात्रवृत्ति पर्याप्त छ? कि छैन भने कति कति भई दिए हुन्थो जस्तो लाग्छ?

११) छोरा छोरीहरुलाई घरमा पढने समय कति दिनु हुन्छ?

१२) तपाईको जग्गाजमिन कति छ?

# सतार बालवालिकाले बिचैमा विद्यालय छाडने कारणहरु

## अनुसुचि २

## बिचैमा कक्षा छाडेका सतार विद्यार्थीहरुको लागि प्रश्नावली

नाम :...................................................

कक्षाः........................................

रोल नः............. उमेरः............................. विद्यालय नाम :..................................................................................

१) तिमीलाई सबै भन्दा मन पर्ने कार्यहरु कुन हो ?

क) खेल्न ख) गीत गाउन ग) घरमा बस्न घ) काम गर्न

२) तिमीले अभ्ययन पुरा नगरी बीचैमा कक्षा छाडने कारण के हो ?

क) आर्थिक कारण ख) चेतनाको कमी ग) शिक्षकको असमान व्यवहार घ) समाजिक कारण

३) पढाई छाडनु परेकोमा कस्तो अनुभव गर्दछौ?

क) खुसी ख) दुःखी ग) खुसी र दुःखी दुवै घ) खुसी र दुःखी दुवै छैन

४) के अहिले पढ्ने अवसर पाएमा पढ्छौ?

क) पढ्छु ख) पढदिन ग) थाहा छैन घ) भ्याउदिन

५) साथीहरु पढ्न जादा तिमी के गरेर दिन विताउछौँ ?

क) खेलेर ख) सुतेर ग) काम गरेर घ) अन्य

६) साथीहरु विद्यालय जादा तिमीलई पनि विद्यालय जान मन लाग्छ?

क) लाग्छ ख) लाग्दैन ग) दिक्क लाग्छ घ) थाहा छैन्

७) विद्यालय मा पढ्दा किताब कपि र कलम किन्न रुपियाँ अभिभावकले दिनु हुन्थ्यो ?

क) दिनु हुन्थो ख) रिसाएर मात्र दिनु हुन्थ्यो ग) खुसी भएर दिनु हुन्थो घ) दिनु हुन्न थियो

# अनुसुची ३

## विद्यालय प्र.थ. तथा शिक्षक, शिक्षिकाका लागि प्रश्नवली

विद्यालयको नाम : ...........................................................................

योग्यताः ..................................

प्र.अ.र शिक्षक र शिक्षिकाको नाम :...............................................................

शिक्षण अनुभव :..........................

१) तपाईको विद्यालयमा धेरै विद्यार्थी कुन कक्षामा भर्न हुन्छन् ?

क) १ मा ख) ६ मा ग) ८ मा घ) अन्य

२) अनुतिर्ण हुने विद्यार्थीहरुमा कुन जातिका विद्यार्थीहरुको स्रख्या बढी छ?

क) दलित ख) सतार ग) ब्राह्मण घ) अन्य

३) तपाईको विचारमा सतार विद्यार्थीले किन बिचैमा कक्षा छाड्छन् होला ?

क) चेतनाको कमी ख) अर्थिक कारण ग) समाजिक कारण घ) भैतिक कारण

४) के सतार जातीका विद्यार्थीहरु पढ्नमा उत्सुक देखिन्छन् ?

क) देखिन्छन् ख) थोरै मात्र देखिन्छन् ग) देखिदैनन् घ) भौतिक सुविधाको कमी

५) सतार विद्यार्थीहरुले बिचैमा पढाइ छाड्ने विद्यार्थीहरुमा कस्को संख्या बढी छ ?

क) दलित ख) सतार ग) ब्राह्मण घ) अन्य

६) सतार विद्यार्थीले बिचैमा कक्षा छाड्ने समस्यालाई कसरी समाधान गर्न सकिन्छ?

क) चेतना मुलक कार्यक्रम संचालन गरेर ख) छात्रवृति र निःशूल्क शिक्षा ग) विद्यालयमा खाजा कार्यक्रम घ) शिक्षकको समान व्यवहार

७) तपाईको विद्यालयमा बिचैमा कक्षा छाड्ने विद्यार्थीहरुमा कस्को संख्या बढी छ ?

क) दलित ख) सतार ग) ब्राहमण घ) अन्य

## अनुसुची ४

## वि.व्य.स तथा पि.टि.ए अध्ययक्ष को लाई प्रश्नावली

विधालयको नाम : ..................................................................................................

अध्ययक्षको नाम : ......................................................................... ठेगाना :...................................

१. विधालयको व्यवस्थापन समितिको बैठक नियमित रुपमा गरिरहनु भएको छ ?
   क) गरिरहेका छौ  ख) आवश्यक परेमा मात्र गर्छौ ग) गरिरहेका छैनौ  घ) अन्य

२. शिक्षकका शिक्षण क्रियाकलाप विद्यार्थी सन्तुष्ट छन् ?
   क) छन्  ख) थोरै मत्रमा सन्तुष्ट छन् ग) छैनन्  घ) अन्य

३. सतार अभिवाकको शिक्षा प्रति कस्तो दृष्ट्रिकोण छ ?
   क) सकारात्मक  ख)  नकारात्मक  ग) मिश्रित  घ) अन्य

४. अनुतिर्ण हुने विद्यार्थीहरुमा कुन जातिका विद्यार्थीहरुको संख्या बढी छ?
   क) दलित ख) सतार  ग) ब्रामह्ण  घ) अन्य

५. तपाईको विचारमा सतार विद्यार्थीहरुको किन बिचैमा कक्षा छाड्छन् होला?
   क) चेतनाको कमी  ख) आथिक कारण  ग) समाजिक कारण  घ) भौतिक सुविधाको अभाव

६. बिचैमा कक्षा छाडने प्रवित्तिलाई रोक्न के उपाय गर्नु पर्छ ?
   क) अभिवाकलाई सचेत गराउनु पर्छ  ख) छात्रावृत्ति दिनु पर्छ ग) विधार्थीलाई प्रोत्सहान दिनु पर्छ घ) शैक्षिक तथा खेल समाग्रीको व्यवस्था

७. सतार विद्यार्थीले बिचैमा कक्षा छाड्ने समस्यालाई कसरी समाधन गर्न सकिन्छ ?
   क) चेतना मुलक कार्यक्रम संचालन गरेर ख) छात्रवृति र निःशूल्क शिक्षा ग) विद्यालयमा खाजा कार्यक्रम घ) शिक्षकको समान व्यवहार

## अनुसुचि ५

क) अध्ययन क्षेत्रका प्राथामिक तहका विद्यार्थी तथ्याङ्क सर्वेक्षण फारम

| क.स | कुल भर्ना | | परीक्षामा सामेल | | विद्यालय छाड्ने | | कक्षा छाड्ने प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७० | २०७१ | २०७० | २०७१ | २०७० | २०७१ | २०७० | २०७१ |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

ख) अध्ययन क्षेत्रका प्रथमिक तहका सतार विद्यार्थी तथ्याङ्क सर्वेक्षण फारम

| क.स | कुल भर्ना | | परीक्षामा सामेल | | विद्यालय छाड्ने | | कक्षा छाड्ने प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७० | २०७१ | २०७० | २०७१ | २०७० | २०७१ | २०७० | २०७१ |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

## अनुसूची ६

## सतार वालवालिकाको अभिभावककहरुको शिक्षा प्रतिको धारणा सवैक्षण फारम

| क.स. | वाक्य | पूर्ण सहमत | सहमत | अनिश्चित | असहमत | पूर्ण असमहत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षाले मानिसलाई असल बनाउछ । | | | | | |
| २ | प्रथमिक शिक्षाले सामान्य जीवन मापन गर्न मदत गर्छ । | | | | | |
| ३ | छोरी वा छोरा मध्ये कसलाई पठाउनु राम्रो हो । | | | | | |
| ४ | विद्यालयबाट तपाईका बालबालिका सन्तुष्ट छन् । | | | | | |
| ५ | वालवालिका पढाई प्रति रुचि राख्छन् । | | | | | |
| ६ | पढाई भन्दा काममा लगाउनु फाईदा हुन्छ । | | | | | |
| ७ | शिक्षा पाएका विद्यार्थी आफू भन्दा ठूलाको इज्जत गर्दछन् । | | | | | |
| ८ | तपाइका कारण तपाईका वालवालिका विद्यालय बिचैमा छाड्छन् । | | | | | |
| ९ | पढाउनु समय र रकमको बर्बाद गर्नु हो । | | | | | |
| १० | पढेकाहरुले स्वास्थ्य सरसफाइमा ध्यान दिन्छन् । | | | | | |

अनुसूची ७

शोध कार्यका लागि छनौट गरिएका विद्यालय प्र.अ.वि.व्य.स. तथा पि.टि.ए. अध्यक्षहरुको नामावली

| क्र.स | विद्यालयको नाम | प्र.अ. को नाम | वि.व्य.स. अध्यक्षको नाम | पि.टि.ए. अध्यक्षको नाम |
|---|---|---|---|---|
| १ | श्री हिमाली उ.मा.वि. | सागर कु. रिजाल | प्रकाश उप्रेती | चन्दा लिम्बु |
| २ | श्री बाल प्रा.वि. | श्री भक्त घिमिरे | श्री दुर्गा प्र. घिमिरे | श्री गम्भीर ना. राजवंशी |
| ३ | श्री लक्ष्मी उ.मा.वि. | श्री खगेन्द्र लम्जेल | श्री तुलसी खतिवडा | श्री नुरुल मिया |